अनुसूची- २

(दफा ४ तथा अनसूची-१को भाग-१ सँग सम्बन्धित)

मध्यनेपाल नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ७ संख्याः १ मिति : २०८१।०४।०१

भाग-१

नेपालको सविधान बमोजिम मध्यनेपाल नगरपालिकाको नगरसभाले वनाएका देहाय बमोजिमका ऐनहरु सर्वसाधारणको जानाकारीका लागि प्रकाशन गरिएको छ ।

मध्यनेपाल नगरपालिकाको आर्थिक ऐन, २०८१

नगरसभावाट स्विकृत मितिः २०८१/०३/१९

प्रस्तावनाः मध्यनेपाल नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर लगाउन तथा शुल्क संकलन गर्न र राजस्व प्रशासन सम्बन्धी कानूनी ब्यवस्था गर्न वाञ्छनीय भएकोले,

मध्यनेपाल नगरपालिकाको पन्ध्रौं नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"मध्यनेपाल नगरपालिकाको आर्थिक ऐन २०८१"** रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि प्रारम्भ भई मध्यनेपाल नगरपालिका भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

क) **"ऐन"** भन्नाले **"मध्यनेपाल नगरपालिकाको आर्थिक ऐन,२०८१"** लाई सम्झनुपर्छ।

ख) **"नगरपालिका"** भन्नाले मध्यनेपाल नगरपालिका सम्झनु पर्छ।

ग) **"ब्यक्ति"** भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै ब्यक्ति सम्झनु पर्छ।

घ) **"संस्था"** भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै संस्था सम्झनु पर्छ।

ङ) **"दहत्तर बहत्तर"** भन्नाले नदीले बगाएर ल्यएको वा नदीमा तैरिएको काठ, दाउरा वा अन्य यस्तै प्रकारका बस्तु सम्झनु पर्छ।

च) **"बनकस"** भन्नाले खर र अन्य यस्तै खालका खरजन्य बस्तु सम्झनु पर्छ।

छ) **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अनुसार बन्ने नियम, निर्देशिका तथा कार्यविधिमा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ।

३. सम्पत्ति करः (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाउने छ।

२) उपदफा (१) अनुसार सम्पत्ति कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा भूमि कर (मालपोत) लगाईने छ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले सो घरले ओघटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्झनुपर्छ।

३) नगरपालिका क्षेत्रभित्र लगाईने सम्पत्ति करको दर अनुसुची- १ बमोजिम हुनेछ।

४) रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालय लमजुङले तयार गरेको घर जग्गाको मुल्याङ्कन लाई नै सम्पत्ति कर प्रयोजनको लागि घर तथा जग्गाको मूल्याङ्कनको आधार मानिनेछ। मालपोत कार्यालयको मूल्याङ्कनमा घरको मूल्याङ्कन नभएको अबस्थामा नगरपालिकाबाट भएको मूल्याङ्कन अनुसार कर असुल गरिनेछ।

५) चालु आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्त सम्ममा बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरि असुल गरिनेछ।

६) चालु आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षको असार मसान्त सम्ममा पनि नबुझाएमा अनुसूची—२ बमोजिम जरीवाना समेत थप गरि लाग्ने कर असुल गरिनेछ।

४. भूमि कर (मालपोत):नगरपालिका क्षेत्रभित्र अनुसुची-३ बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ।

५. घर/जग्गा बहाल करः नगरपालिका क्षेत्रभित्र कुनैपनि ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएमा अनुसुची-३ बमोजिम घर/जग्गा बहाल कर लगाईने र असुल गरिनेछ।

६. ब्यवसाय करः

१) नगरपालिका क्षेत्रभित्र संचालन गरिने सबै प्रकारका उद्योग, ब्यपार ब्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची- ४ बमोजिम ब्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

२) चालु आर्थिक वर्षको ब्यवसाय कर सोहो आर्थिक वर्षको पौष मसान्तसम्ममा बुझाएमा लाग्ने कर रकमको १० प्रतिशत छुट दिईनेछ।

३) चालु आर्थिक वर्षको ब्यवसाय कर सोहो आर्थिक वर्षको असार मसान्तसम्ममा पनि नबुझाएमा लाग्ने कर रकमको २५ प्रतिशत जरीवाना समेत थप गरि कर रकम असुल गरिनेछ।

७. प्राकृतिक श्रोत साधन उपयोग करः

१) नगरपालिका क्षेत्रभित्र बग्ने नदीनाला तथा खोलाबाट निस्कने बालुवा, गिटी,ग्रावेल,तथा सार्वजनिक वा निजी जग्गामा संचालित खानीबाट निस्कने ढुङ्गा गिटी स्लेट वालुवा चुनढुङ्गा खरिढुङ्गा अभ्रख दहत्तर बहत्तर आदिमा अनुसूची - ५ बमोजिम कर लगाई असुलउपर गरिने छ।

२) अनुसूची - ५ मा उल्लेखित करको दर प्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्म प्रदेश कानुनमा उल्लेखित करको दर अनुसार कर असुलउपर गरिने छ।

३) नगरपालिकाबाट अनुमति नलिई खानी संचालन, बिक्रि वितरण र चोरी निकासी गरेको पाईएमा अनुसूची - ६ बमोजिम जरीवाना गरिनेछ।

८. जडीबुटी, जीवजन्तु र कवाडी करः नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले उन, खोटो, जरिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता बस्तुको ब्यवसायिक कारोबार गरेवापत अनुसुची- ७ बमोजिम करलगाईने र असुल उपर गरिनेछ।

९. सवारी साधन करः

१) नगरपालिका क्षेत्रभित्र संचालन हुने सवारी साधनहरुमा अनुसुची- ८ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ।

२) अनुसूची-८ मा रहेको कुनै प्रावधानप्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्ममाप्रदेश कानुनको प्रावधान लागू हुनेछ।**विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची- ९ बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ।

१०.मनोरन्जन करः (१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन ब्यवसाय सेवामा अनुसूची १० बमोजिम मनोरन्जन कर लगाईने र असुलउपर गरिनेछ।

(२) अनुसूची -१० मा रहेको कुनै प्रावधानप्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्ममा प्रदेश कानुनको प्रावधान लागू हुनेछ।

११.बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा संचालन गरेका अनुसूची –११ बमोजिमका हाटबजार वा पसलमासोही अनुसूचीमा भएको ब्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२.पार्किङ शुल्कः नगरपालिका क्षेत्रभित्र पार्किङ गरिएका सवारी साधनहरुको अनुसूची -१२ बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३.ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जि जम्पिङ, जिपफ्लायर र न्याफ्टिङ शुल्कः नगरपालिका क्षेत्रभित्र तोकिए बमोजिम ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जि जम्पिङ, र न्याफ्टिङ शुल्कलगाईने र असुल उपर गरिनेछ।

१४.पर्यटन शुल्कः नगरपालिका क्षेत्रभित्रप्रवेश गर्ने पर्यटकहरुबाट प्रदेश कानुन अनुसार पर्यटन शुल्क असुलउपर गरिने छ।

१५.सेवा शुल्क र दस्तुरः नगरपालिकाले उपलब्ध गराउने सेवाहरुमा अनुसूची —१३ बमोजिम सेवा शुल्क र दस्तुर लगाईने र असुलउपर गरिने छ।

१६.पञ्जीकरण शुल्कः नगरपालिकाबाट हुने पञ्जीकरणसम्बन्धी सम्पूर्ण कार्यमा नेपाल सरकारको पञ्जीकरण ऐन, नियम बमोजिमको पञ्जीकरण शुल्क लगाईने र असुलउपर गरिने छ।

१७.कर छुटः यस ऐन बमोजिक कर, शुल्क, दस्तुर वा महसुल तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको छुट दिईनेछैन।

१८.प्रदेश तथा संघको समन्वयमा संकलन हुने करहरुः नेपालको संविधानको अनुसूची -९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयहरुमा संकलन हुने करहरु संघ तथा प्रदेशको समन्वयमा संघिय तथा प्रदेश कानुन अनुसार संकलन गरिने छ।

१९.नियम, निर्देशिका तथा कार्यविधिबनाउने अधिकारः यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन वा कर तथा शुल्क संकलन कार्यविधि तोक्न सक्नेछ।

अनुसूची- १
(दफा ३ को उपदफा (३) संग सम्बन्धित)
सम्पत्ति करको दर

क्र.सं.	देखि	सम्म	करको दर	
१	रू. १ देखि	रू. ५ लाख सम्म	रू. १००/-	१००
२	रू. ५ लाख १ देखि	रू. १० लाख सम्म	०.०१५ प्रतिशत	७५
३	रू. १० लाख १ देखि	रू. २० लाख सम्म	०.०२० प्रतिशत	२००
४	रू. २० लाख १ देखि	रू. ५० लाख सम्म	०.०२५ प्रतिशत	७५०
५	रू. ५० लाख १ देखि	रू. ८० लाख सम्म	०.०३० प्रतिशत	९००
६	रू. ८० लाख १ देखि	रू. १ करोड स्सम्म	०.०३५ प्रतिशत	७००
७	रू. १ करोड १ देखि	रू. १ करोड ५० लाख सम्म	०.०४० प्रतिशत	२०००
८	रू. १ करोड ५० लाख १	रू. २ करोड सम्म	०.०४५ प्रतिशत	२२५०

	देखि			
९	२ कार्ड १ देखि माथिको सम्पत्तिमा		०.०६० प्रतिशत	

अनुसूची- १(क)
(दफा ३ को उपदफा (३) संग सम्बन्धित)
सम्पत्ति करको लागि घरको मूल्याङ्कन दररेट

क्र. सं.	घरको विवरण	ह्रास कट्टी दर प्रतिशत प्रति बर्षको	ह्रास कट्टी हुने जम्मा बर्ष	न.पा. को मूल्याङ्कन दर प्रति वर्गफिट
१	काँचो पाको ईटा वा ढुंगामा माटोको जोडाइ भएको वा काठै काठबाट बनेको र खरको छाना भएको सामान्य घर	३	२५	२५०
२	काँचो पाको ईटा वा ढुंगामा माटोको जोडाइ भएको वा काठै काठबाट बनेको र खर, जस्ता, झिंगटि, टायलको छाना भएको घर	३	२५	४००
३	भित्र बाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाइ भइ भित्र बाहिर सिमेन्ट प्लाष्टर गरि छाना ढलान (आर.सी.सी. वा आर. वि. सी.) गरिएको वा जस्ता, टायल, झिंगटि छाना भएको घर	२	३०	५००
४	भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेन्ट प्लाष्टर गरि छाना ढलान (आर.सी.सी. वा आर. वि. सी.) गरिएको घर	१	७०	८००
५	आर. सी. सी. फ्रेम स्ट्रक्चर भएको घर	०.७५	१००	१२००
६	स्टिल फ्रेम स्ट्रक्चर, फ्रावीडस, फाइवर वा यस्तै संरचना	०.७५	१००	१०००
७	आर. सी. सी. फ्रेम स्ट्रक्चर भएको घर लिफ्ट सहितको	०.७५	१००	१५००

अनुसूची- १(ख)
(दफा ३ को उपदफा (३) संग सम्बन्धित)
सम्पत्ति करको लागि घर जग्गा मूल्याङ्कन दररेट

मध्यनेपाल नगरपालिका वडा नं. १ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साबिक		हालको वडा नं.	जग्गाको विवरण	न. पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				

१	जिता		१	सुन्दरवजार सोतिपसल दुईपिप्ले सडक खण्डको बान्द्रेखोलावाट देवालस्थान हुदैं साविक तान्द्राङ टक्सार गा.वि.स. सिमाना खहरे खोलासम्मको सडकको दाँयावाँयाको जग्गा	२२००००	
२	जिता		१	सुन्दरवजार सोतिपसल दुईपिप्ले सडकको सुधारे खोलावाट बगुवा टुडो हुँदैं बान्द्रे खोलासम्मको सडक र निवुवाटारी स्कुल चोकवाट गिरीगाँउ सम्म जाने सडकको दाँयावाँयाको जग्गा	१७५००००	
३	जिता		१	जिताटार सप्तधार मार्गको जिताटारवाट बरसारे चोकसम्मको सडकको दाँयावाँयाको मूल्य	९५००००	
४	जिता		१	बरसारे चोक देखि चिण्डेगाँउ वडा कार्यालय सम्मको सडक दाँया वाँया मूल्य, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	७०००००	
५	जिता		१	साविक जिता गाविस वडा नं ९ हाल वडा नं जितावेशीको सम्पूर्ण भित्री मोटरवाटोको दाँयावाँयाको मूल्य	६०००००	
६	जिता		१	वडा कार्यालयवाट जिताकोट मध्यनेपाल १ र २ को सिमाना सम्मको सडक, देउराली भुसालथोक सडक, भागिरथी गौलीगाँउ धितालगाँउ जिताकोट सडक, बगुवा आँपचौर सिख्रा सडक र चिण्डेगाँउवाट वडा कार्यालय सप्तधारा सम्मको सम्पूर्ण भित्री सडक दायाँवायाका जग्गा	४६००००	
७	जिता		१	बरसारे चोक देखि बरबोटे हुँदैं कुसुन्ने सम्मको सडक र सधारे गैरीगाँउ ताप्ले भागिरथी सडक दायाँवायाका जग्गा	४५००००	
८	जिता		१	साउनेपानी सप्धारा रायपाली सडक वरपरको मूल्य,	३६००००	
९	जिता		१	वडा कार्यालयवाट जिताकोट मध्यनेपाल १ र २ को सिमाना र वडा नं १ र १० को सिमाना तथा मध्यनेपाल १ र सुन्दरवजार न.पाको सिमानाभित्रको मोटर वाटो दाँया वाँयाको मूल्य	३३००००	
१०	जिता		१	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	३०००००	
११	जिता		१	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. २ का जग्गा प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साविक		हालको वडा नं.	जग्गाको विवरण	न. पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				
१	तान्द्राङ टक्सार		२	सुन्दरवजार सोतिपसल दुईपिप्ले सडक खण्डको साविक तान्द्राङ टक्सार गा.वि.स. सिमाना खहरे खोला हुदै झिङ्गे खोलाबाट दाँयावाँयाको जग्गा	२७०००००	
२	तान्द्राङ टक्सार		२	बोर्डिङचोक वाट भित्री वजार हुँदै गुम्वा सम्मको सडक वरपरको मूल्य	२१०००००	
३	तान्द्राङ टक्सार		२	गोलदीखोलावाट उत्तर असीमुरे सम्मको सडक, बोर्डिङ्चोक वाट उत्तर गोलादी खोलासम्मको भित्री सडक, व्यास मार्गवाट दक्षिण तमु समाज जाने सडकको दाँयावाँयाको जग्गा	२००००००	
४	तान्द्राङ टक्सार		२	सोति पसलवाट पुर्व जाने हुलाकी मार्ग खहरे खोला सम्मको सडक, सोतिपसल जल्पादेवी मोटरवाटो , व्यास मार्गवाट उत्तरभुषाल पल्लो डिही सडकको दाँयावाँयाको जग्गा	१५०००००	
५	तान्द्राङ टक्सार		२	पराजुलीटारवाट भुषाल डिहीसम्मकव सडक, खनाल गाँउ भित्री सडकको दाँयावाँयाको जग्गा,	१३०००००	
६	तान्द्राङ टक्सार		२	जल्पादेवी मोटरवाटोको दाँया वाँयाको मूल्य, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	६०००००	
७	तान्द्राङ टक्सार		२	साविक तान्द्राङ टक्सार गा.वि.स वडा नं १ देखि वडा नं ७ भित्र खोलिएको मोटरवाटोको दाँयावाँयाको मूल्य	४०००००	
८	तान्द्रा		२	माथि उल्लेख नभएका तथा सडकले नछोएका	४०००००	

	ङ टक्सार			अन्य खेत जग्गाहरू		
९	तान्द्राङ टक्सार		२	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. ३ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साविक		हालको वडा नं.	जग्गाको विवरण	न. पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				
१	सुर्यपाल		३	सुन्दरवजार सोतिपसल दुईपिप्ले सडक खण्डको झिङ्गे खोलाबाट चर्दी खोलासम्म सडकको दाँयावाँयाको जग्गा	३१००००	
२	सुर्यपाल		३	साविक वडा नं ०९को भित्री खोलिएको वाटोको दाँया वाँयाको मूल्य	२९०००००	
३	सुर्यपाल		३	साविक वडा नं ९ को देवटार चोकवाट गुयेले खोला हुँदैं समिचौतारा विद्युत ट्रान्समिटरसम्मको सडकको दाँयावाँया मूल्य	२२०००००	
४	सुर्यपाल		३	सुर्यपाल ९ को पुरानो फिल्महल चोकवाट उत्तर पानी टयाङ्की वडा कार्यालय, साविक सुर्यपाल गा.वि.स वडा नं ०५ को मैंदान देखि चनौटे हुँदैं लामाखेतसम्मको सडक, समि चौतारा , रामबालोदय आधारभूत विद्यालय हुँदै तिनधारे सम्मको नागभैरव सडक, साविक सुर्यपाल गाविस वडा नं ०७ को भित्री ग्राभेल वाटो, असीमुरे पौडेल डिही हुँदै मोहोरिया मोटर बाटो, साविक सुर्यपाल गा.वि.स वडा नं ०८ को लामिछाने डिही देखि राङ्गेटार हुँदै तिनधारेसम्मको मोटर वाटो (ज्यामिरे खोला), साविक सुर्यपाल गा.वि.स वडा नं ०७ को समी चौतारा देखि धुन्द्रेखोला हुँदै डुम्रीफेद सम्मको मोटर बाटोको दायाँ बायाँका जग्गा	१७५००००	

५	सुर्यपाल		३	साविक सुर्यपाल गा.वि.स वडा नं ६ र ८ को भित्र खोलिएको मोटर वाटोको मूल्य, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	११५००००	
६	सुर्यपाल		३	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	४०००००	
७	सुर्यपाल		३	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. ४ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साबिक		हालको वडा नं.	जग्गाको विवरण	न.पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				
१	रम्घा		४	व्यास मार्गमा (रिस्ती खोला देखि वडा नं. ५ क्यूखोलाको सिमानासम्म) जोडिएको जग्गा, सुन्दरवजार सोतिपसल दुईपिप्ले सडक खण्डको चर्दी खोला हुदै दुइपिप्प्ले सम्मको सडक, वडा नं. ५ ,६,७,८,९ मा भोर्लेटार तर्फ जाने बाटोको खदालफाँट किहुखोला सम्मको दाया बायाको जग्गा	४०५००००	
२	रम्घा		४	विपी चोक भविष्य निर्माण बोडिङ हुदै वन आवास भवन सम्म र बोटेगाउँ सुन्दर नगर हुदै बोटेगाउँ जाने मोटरबाटो, रिस्तीखोला बगौचाबाट वाग्लेफाँट बोटेगाउँ हुदै पुष्पलता क्याम्पस सम्मको मोटरबाटो, दुईपिप्लेचोकबाट बोटेगाउँ हुदै धारापानी जोड्ने मोटरबाटो, वि पि चोक रम्घाभ्याली बोडिङ हुदै फुलबारी टार मोटरबाटो, दुईपिप्ले देखि ढोली खोला खोल्सी, बेलघारी सम्म्को मोटरवाटोको दाया वायाको जग्गाको मुल्य	३२५००००	
३	रम्घा		४	पुष्पलता क्याम्पसबाट तिलाहारसम्मको सडक, दुईपिप्ले चोक प्रहरी विटदेखि नहरको डिलसम्म अडिदेउ मार्गको दायावायाको जग्गाको मुल्य	२६५००००	
४	रम्घा		४	क्यूखोलादेखि पराजुलीबेसीसम्मको मोटरबाटो, रम्घाटार सिंचाई भवन देखि सन्यासी डिही,	२३०००००	

				स्यामटारी, वैराठ, भुत्याटार हुदै पेट्रोलपम्प सम्मको वाटोकोसम्मको मोटरवाटोको दाया बायाँको जग्गाको मुल्य		
५	रम्घा		४	दुईपिप्ले घाटुघारी खदालफाँट क्यूखोलासम्म्को मोटरवाटो, डाँडाको चौतारी देखि सिमलको रुख वाङ्गेरह सम्मको मोटरवाटो, वैराठ प्रतिक्षलय देखि वैराठ कुनासम्मको मोटरवाटो, साईराम मेडिकल मार्ग, वैराठ चोकदेखि वगैचा हुदै रम्घा रिङरोडमा जोडिने मार्ग, पाँडेखोला मंगल सुनारको घर देखि वैराठ वगैचा सम्मको मोटरवाटोको दायाँवायाँको जग्गाको मूल्य	२००००००	
६	रम्घा		४	रामस फर्निचर देखि मनोजको घर हुदै वोटेगाउँसम्मको सडक, व्यास मार्ग देखि पोल्याङ पुल जाने सडक, मध्यमार्ग औल्याहा डिही सडक, भिमसेन मार्ग, सिद्दिविनायक मार्ग समाहा, पराजुलीडाँडा हुदै सिंचाई भवन सम्मको सडकको दायाँवायाँको जग्गाको मूल्य, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	१५०००००	
७	रम्घा		४	वेलघारी ठाँटी देखि पुल सम्मको वाटो, चण्डीस्थान मार्ग, डाँडाको चौतारी देखि संजेली डाँडा सम्म जाने सडक, न्यौपानेवेशी गणेश मन्दिरदेखि ऋषिराम न्यौपानेको घरसम्मको सडक, डाँडाको चौतारी देखि पानीट्याङ्की, भ्यूटावर हुदै समिभन्ज्याङ जाने मोटर सडक, पन्थाटार देखि पानी घट्टा जाने सडकको दायाँवायाँको जग्गाको मूल्य	१००००००	
८	रम्घा		४	क्यू खोला देखि लामीडाँढा तिलाहार सम्मको सडक, दुईपिप्लेबाट समीभञ्ज्याङ जाने सडक (रम्घा गाविसको सीमाना सम्म) को दायावायाँको मूल्य	५०००००	
९	रम्घा		४	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	४०००००	
१०	रम्घा		४	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. ५ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साबिक		हालको वडा नं.	जग्गाको विवरण	न. पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				
१	समि भञ्याङ		५	व्यास मार्गमा (हालको वडा नं. ४ को सिमाना देखि वडा नं. ६ को सिमाना सम्म) जोडिएको जग्गा	२३०००० ०	
२	समि भञ्याङ		५	दुईपिप्ले समि भञ्ञयाङ सुर्यपाल सडकको (समिभञ्ञयाङ गा.वि.स क्षेत्र), चितेपानी देखि खर्क सम्मको सडकको दाँया वाँयाको जग्गा, अन्य भित्री सडकहरुको मूल्य	६०००००	
३	समि भञ्याङ		५	खर्क वाउदी खोला देखि समिभञ्ञयाङ ठुन्केगरा सम्म, दोपहरे कोदाले जोड्ने सडक, साविक समिभञ्ञयाङ गा.वि.स वडा नं ०८ मा पर्ने छुउदी मार्गको दाँया वाँयाको जग्गा	४६००००	
४	समि भञ्याङ		५	साविक समिभञ्ञयाङ गा.वि.स वडा नं ०१,२,३ मा पर्ने मोटर वाटो, साविक समिभञ्ञयाङ गा.वि.स वडा नं ०८मा पर्ने छुउदी मार्ग,चर्दी खोलावाट गैरी सिम्लेगाँउ जोड्ने कृषि सडककोको दाँया वाँयाको जग्गा, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	३०००००	
५	समि भञ्याङ		५	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	३०००००	
६	समि भञ्याङ		५	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. ६ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साबिक		हालको वडा नं.	जग्गाको विवरण	न.पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				
१	भोर्लेटार		६	व्यास मार्गमा (साविक वडा नं ६,७,८ र ९ मा पर्ने दोभानडाडा रानीपानी व्याससम्म)	६००००००	

२	भोर्लेटार		६	वडा नं ६ र ७ को सिमाना हुँदै पाखुरीचोक देखी ढल्केआँप हुँदै रामबजार जाने सडकको कुमाल्नी खोल्सो सम्म मोटरबाटोको दायाँ बायाँको जग्गा	५२००००००	
३	भोर्लेटार		६	प्रहरी चौकीबाट भित्र बजार हुँदै ईशानेश्वर मा.वि.को गेटसम्मको मोटरबाटो, पाखुरीचोकबाट सामुदायीक भवन हुँदै धुल्पुर बजार सम्मको सडकको दायाँबायाँको जग्गा	४४००००००	
४	भोर्लेटार		६	दोभानडाँडा ढल्केआँप हिमाली बोर्डिङ हुदै प्रहरी चौकीसम्मको रिङरोड, ईशानेश्वर मा.वि बाट लाम्टे हुदै रानीपानी सम्मको रिङरोड, हिमाली बोर्डिङबाट ईशानेश्वर क्याम्पस तथा विजयबस्ती सम्मको शाखा बाटो, हिमाली बोर्डिङबाट भित्र तर्फ नहर हुँदै कृषि सेवा केन्द्र सम्मको शाखा बाटो, मादी पुलबाट सिद्ध प्रा.वि. हुँदै पाखुरीचोक जाने सडक, पाखुरीचोक बाट सिद्ध प्रा.वि. हुँदै स्वास्थ्य चौकी सम्मको मोटरबाटो, सिद्ध प्रा.वि पछाडीबाट नवज्योती सामुदायीक भवन सम्मको शाखा बाटो, दोभानडाडा, पाखुरीचोक व्यासमार्गको नारायणी घिमिरेको घर पुर्व भैमाल सम्मको शाखा बाटो, ढल्के आँप बाट डुम्रेबोटे तर्फको शाखा बाटो, पाखुरीचोक प्रहरी चौकी व्यासमार्ग बाट पश्चिम पिप्ले खोल्सी रिङरोड सम्मको शाखा बाटोको दायाँबायाँको जग्गा	३८००००००	
५	भोर्लेटार		६	साविक वडा नं ६,७,८ र ९ व्यासमार्ग तथा रिङरोड बाट व्यक्ति विशेषले खोलेको भित्री बाटो र साविक भोर्लेटार गा.वि.स. वडा नं ६,७,८ र ९ भित्र गोरेटो बाटो आसपासको घडेरी जग्गा	३१००००००	
६	भोर्लेटार		६	सामुदायीक भवनबाट रानीको चौतारा सम्मको सडक, जुडीखेतबाट इजाँर सम्मको शाखा बाटो, साविक भोर्लेटार वडा नं ७ को मोरे गल्लीबाट गम बहादुर गुरुङको घर सम्मको शाखा बाटोको दायाँबायाँको मुल्य तथा भोर्लेटार सिंचाई योजनाको शाखा नहर धुल्पुर बजारबाट डुम्रीबोटे तथा सामुदायीक भवन हुँदै छोटीडिही दोभानडाडा खण्ड, भोर्लेटार सिंचाई योजनाको मुख्य नहर आसपासका जग्गा	२५५००००	

७	भोर्लेटार		६	साविक भोर्लेटार ६ र ७ मा पर्ने बुढीगल्लीको दाँया बाँयाको जग्गा, अन्य भित्री सडकहरुको मूल्य	२२००००००	
८	भोर्लेटार		६	व्यास मार्गमा (वडा नं ६,७,८ र ९ मा पर्ने वडा न ५ देखि दोभानडाडासम्म), मध्यपहाडी लोक मार्ग (वडा न ९ को सिमाना रातामाता लामसोतिदेखी रानीपानी सम्म), पिस्तीखोलाबाट लाम्टे हुँदै सत्रसय सिंचाई कुलो, स्कुटगेट भैमाल देखि अर्चले(पुरानो आर्मी क्याम्प) सम्म, रानीपानी घुम्ती सानीस्वाँरा कालीरह मोटरबाटोको दाँयाबाँयाको जग्गा	१३००००००	
९	भोर्लेटार		६	सोही सडकको कुमाल्नी खोल्सोबाट मिदिमपुल सम्मको मोटरबाटोको दाया बायाँको जग्गा, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	१०५००००	
१०	भोर्लेटार		६	सिम्पानी मोहरीय थापागाँउ मोटरबाटो, डिहीबाट भोर्ले जाने शाखा बाटो, गुम्वा फाँट बाट ज्यामिरे हल्लेसी हुँदै भोर्ले जाने मोटरबाटो, पिस्तीखोला बाह्यविसे हुँदै लामासोती सम्मको सडकको दायाँबायाँको जग्गा	७०००००	
११	भोर्लेटार		६	पिस्तीखोला पुलबाट हल्लेसी जाने मोटरबाटोको दायाँबायाँको जग्गा	४०००००	
१२	भोर्लेटार		६	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	४०००००	
१३	भोर्लेटार		६	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. ७ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साबिक		हालको वडा नं.	जग्गाको विवरण	न. पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				
१	ईशानेश्वर		७	रामवजार चोक देखि पुलचोकसम्मको मोटरवाटो, रामवजार चोक देखि खहरे चोकसम्मको मोटरवाटोको दाँया वाँयाको जग्गा	५००००००	

२	ईशानेश्वर		७	साविक वडा नं ९ मिदिम खोला पुलवाट वडा नं ०८ रामवजार मादी पुल सम्मको मोटर वाटोको दाँया वाँयाको जग्गाको मूल्य	४६००००	
३	ईशानेश्वर		७	साविक वडा नं ०८ रामवजार चोकवाट खहरेहुँदै वडा नं ९ चिसापानी खोलासम्मको सडक, रामवजार पुलचोक हुदैं कर्कले कोईलेनि जोड्ने साविक वडा नं ८ सम्मको मोटरवाटोको दाँया वाँयाको जग्गा	३८००००	
४	ईशानेश्वर		७	साविक वडा नं ०८ अन्तर्गत पश्चिमभूमि बोर्डिङ्गवाट खस्रे हुदैं दोभानसम्मको सडक, चिसापानी खोलावाट लक्ष्मीवजार सम्मको सडकको दाँयावाँयाको जग्गा	२५५००००	
५	ईशानेश्वर		७	साविक वडा नं ०८ र ०९ मा पर्ने फाँटको जग्गामा सिंचाई कुलोको डिल, शाखा वाटो ,गोरेटो वाटोको दाँया वाँयाका जग्गा,	२००००००	
६	ईशानेश्वर		७	साविक वडा नं ०७ बतासेडाँडावाट रुदी दोभान जाने सडकको कर्कले चौतारासम्म सडक, राम्चे बडहरे किराखोर सडक खण्डको चिसापानी पधैंरावाट किराखोरसम्म सडक, रामवजार चोक देखि कोईलेनी सडक खण्डको साविक वडा नं ७ मा पर्ने मोटर वाटो, हरित सडकको रामवजार स्थित खहरे चोकवाट भाटबेशी हुँदैं भञ्जयाङसम्मको मोटर वाटोको दाँयावाँयाको जग्गा, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	७०००००	
७	ईशानेश्वर		७	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	४०००००	
८	ईशानेश्वर		७	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. ८ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साबिक		हालको वडा नं.	जग्गाको विवरण	न.पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				

१	करापु		८	साविक करापु गा.वि.स वडा नं १ को वतासे डाँडा रुदी दोभान सडकको सितीखोलावाट बेलचौतारासम्मको सडकको दाँयावाँया मूल्य,	६०००००	
२	करापु		८	मजुवाबेशी देखि वेत्यानी जोड्ने मोटरवाटोकव साविक करापु गा.वि.स वडा नं २ को सिमाना सम्म, साविक करापु गा.वि.स वडा नं २,३,४,५ पर्ने मोटर वाटो, रामवजार नाल्माफेदी बेशीशहर सडकको स्याउली वजार पतेरी खण्डको सडक, बेलचौतारा देखि कल्याणगाँउ हुँदैं करापु जोड्ने मोटर वाटो, उक्त सडकको मजुवाबेशी खण्डमा बडरी क्षेत्रका दाँयावाँयाका जग्गा, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	४६००००	
३	करापु		८	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	४०००००	
४	करापु		८	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. ९ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साबिक		हालको वडा नं.	जग्गाको विवरण	न. पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				
१	बाङग्रे		९	साविक बाङग्रे गा.वि.स. वडा नं १ अन्तर्गत चनौटेवाट टारी (बाङग्रे टुडो) सम्मको शाखावाटो, साविक बाङग्रे गा.वि.स. वडा नं २ अन्तर्गत बरदानफाँट जाने चोकवाट ईनार हुदैं कल्याण मा.वि. सम्मको मोटर वाटो, साविक वडा नं २ अन्तर्गत बरदाननफाँट जाने चोककाट ईनार हुदैं कल्याण मा.वि. सम्मको मोटरवाटोको दाँयावाँयाका जग्गा	१७५००००	
२	बाङग्रे		९	मध्यपहाडी लोक मार्ग (वडा न १०को सिमाना देखि वडा न ६ सिमाना लामसोतीसम्म),भोर्लेटार गाँउ बाङग्रे हुँदै नेटा जाने मोटर वाटो, साविक वडा नं ५ र ८ (भालु खोलावाट पिस्ती खोला) सम्मको मध्यपहाडी	११५००००	

				लोक मार्ग, साविक वडा नं १ को कल्पना चोकवाट माल ढाड हुदै भदौरे सम्म जाने मोटरवाटोको दाँया वाँयाका जग्गा		
३	बाङ्ग्रे		९	साविक वडा नं ५ रातामाटवाट चामेडाँडा हुदैं वडा कार्यालय जाने सडकको दाँया वाँयाका जग्गा, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	६०००००	
४	बाङ्ग्रे		९	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	४०००००	
५	बाङ्ग्रे		९	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

मध्यनेपाल नगरपालिका वडा नं. १० का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट

क्र. सं.	साबिक		हालको वडा नं.	जग्गाको विवरण	न. पा. को स्वीकृत मूल्याङ्कन रू.	कैफियत
	गा बि स	वडा नं.				
१	नेटा		१०	मध्यपहाडी लोक मार्ग (सुन्दर बजार न पाको सिमानादेखि वडा न ९ को सिमानासम्म) सडकको दाँयावाँया जग्गाको	१२०००००	
२	नेटा		१०	थानसिङ्ग स्वारावाट वडा कार्यालय हुदैं जुगेपानीसम्मको सडक, ताकमारे चौतारावाट वडा कार्यालयसम्म सडक, खमरीस्वाँरा निसान चौतारासम्मको सडक, जगेडाँडा मालिका मन्दिरसम्मको सडक, साविक नेटा गा.वि.स वडा नं १ वरदाफाँट सडकको दाँयावाँया जग्गा, आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य	६०००००	
३	नेटा		१०	माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू	४०००००	
४	नेटा		१०	माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो बारी जग्गाहरू	१०००००	

अनुसूची- २

(दफा ३ को उपदफा (६) संग सम्बन्धित)

मध्यनेपाल नगरपालिका, लमजुङको सम्पत्ति करको जरीवाना दर

सि.नं.	विवरण	जरीवाना दर
१	म्याद नाघेको पहिलो आर्थिक वर्ष भित्र बुझाएमा	निर्धारित करको ५ प्रतिशत
५	म्याद नाघेको दोस्रो आर्थिक वर्ष देखि	निर्धारित करको २० प्रतिशत
	दोस्रो आर्थिक वर्ष पश्चात भुक्तान गर्न बाँकी सम्पूर्ण रकमको २० प्रतिशत जरीवाना लाग्नेछ।	

अनुसूची - ३

(दफा ४ संग सम्बन्धित)

(क) मध्यनेपाल नगरपालिका, लमजुङको भूमि कर (मालपोत) को दर

सि.नं.	वडा नं.	जग्गाको क्षेत्रफल	दर	कैफियत
१.	१,५,८,९ र १०	न्यूनतम ५ रोपनी सम्म	रु. ५५।-	बाँकी सबै वर्षको बक्यौता भूमि करलाई चालु आर्थिक वर्षकै दर कायम गरि त्यसमा शतप्रतिशत जरीवाना समेत थप गरि असुल गरिनेछ।
		सोभन्दा बढीमा प्रति रोपनी	रु. २०।-	
२.	२,३,४, ६ र ७	न्यूनतम ३ रोपनी सम्म	रु. ८५।-	
		सोभन्दा बढीमा प्रति रोपनी	रु. २५।-	

(ख) मध्यनेपाल नगरपालिका, लमजुङको घर जग्गा वहाल कर

सि.नं.	विवरण	कायम दर (प्रतिशत) भाडा रकमको	कैफियत
१.	भाडामा लगाएको घर	१०	
	व्यवसायिक प्रयोजनामा भाडामा लगाएको जग्गा		
१.	व्यवसायिक प्रयोजनमा लगाएको जग्गा (गैर कृषि	५	

	प्रयोजन)		
२.	व्यवसायिक प्रयोजनमा लगाएको जग्गा (कृषि प्रयोजन)	२	

अनुसूची- ४

(दफा ६ को उपदफा (१) संग सम्बन्धित)

व्यवसाय दर्ता / सिफारिस तथा बार्षिक नवीकरण र करका दरहरु

(क) **नगरपालिकाले सिफारिस गर्नुपर्ने/दर्ता गर्नुपर्ने संघ संस्थाः**

सि.नं.	संस्थाको विबरण/कार्यक्षेत्र	दर्ता	नवीकरण / सिफारिस शुल्क	कैफियत
१	स्थानीय स्तर	रु. १०००।-	रु. ५००।-	बाल क्लब दर्ताको शुल्क लाग्ने छैन ।
२	जिल्ला स्तर	रु. १५००।-	रु. १०००।-	
३	प्रदेश स्तर	रु. २०००।-	रु. १५००।-	
४	राष्ट्रिय स्तर	रु. २५००।-	रु. २०००।-	
५	अन्तर्राष्ट्रिय स्तर	रु. ५०००।-	रु. ३०००।-	
६	सामाजिक संघ संस्था,आमा समुह, बाल क्लब, युवा क्लब आदि।	रु. ५००।-	रु. ३००।-	
७	जलश्रोत उपभोक्ता समिति	रु. १०००।-	रु. ५००।-	

स्पष्टिकरणः नगरपालिकाले माथि उल्लेखित बाहेक कुनै संस्था दर्ता तथा नवीकरण गर्नुपर्ने अबस्था आएमा सि.नं. १ अनुसारको शुल्क लिन सकिनेछ।

(ख) **ब्यापार ब्यवसायः** (किराना पसल, होलसेल पसल, कपडा तथा फेन्सीपसल, मिठाई पसल, टेन्ट हाउस, ड्राईक्लिनर, नर्सिङ्ग होम, फोटो स्टुडियो, स्टेशनरी पसल, ईलेक्ट्रिकल तथा ईलेक्ट्रोनिक पसल, घडी रेडियो

पसल, मोवाईल फोन विक्रि तथा मर्मत पसल, सुन चाँदी पसल, उपहार पसल, अडियो भिडियो रेकर्डिङ तथा साउण्ड सिस्टम पसल, हेयर कटिङ, फर्निचर तथा फर्निसिङ्ग पसल, पेट्रोल पम्म लगायत यस्तै प्रकारका अन्य कुनैपनि ब्यापार ब्यवसाय)

सि नं	लागत पुँजी	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाँउसारी तथा नाम परिवर्तन	कैफियत
१	१ लाखसम्म	रु. ५००।०	रु. ३००।०	रु. २००।०	
२	रु १ लाख भन्दा बढी ५ लाखसम्म	रु. ७००।०	रु. ४००।०	रु. २००।०	
३	रु ५ लाख भन्दा बढी १५ लाखसम्म	रु. १०००।०	रु. ५००।०	रु. २००।०	
४	रु १५ लाख भन्दा बढी ५० लाखसम्म	रु. २०००।०	रु. १०००।०	रु. ३००।०	
५	रु ५० लाख भन्दा माथि १ करोडसम्म	रु. ४०००।०	रु. २०००।०	रु. ३००।०	
६	रु १ करोड भन्दा माथि	रु. ८०००।०	रु. ४०००।०	रु. ३००।०	

(ग) **होटल, रेष्टुरेण्ट, लज तथा गेष्टहाउस ब्यवसायः**

सि नं	लागत पुँजी	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाँउसारी तथा नाम परिवर्तन	कैफियत
१.	१ लाखसम्म	रु.५००।०	रु.३००।०	रु.२००।०	
२.	रु १ लाख भन्दा बढी ५ लाखसम्म	रु.१०००।०	रु.५००।०	रु.२००।०	
३.	रु ५ लाख भन्दा बढी १५ लाखसम्म	रु.१५००।०	रु.८००।०	रु.५००।०	
४.	रु १५ लाख भन्दा बढी ५०	रु.३०००।०	रु.१५००।०	रु.५००।०	

	लाखसम्म				
५.	रु ५० लाख भन्दा माथि १ करोडसम्म	रु.५०००।०	रु.२५००।०	रु.१०००।०	
६.	रु १ करोड भन्दा माथि	रु.१००००।०	रु.५०००।०	रु.१०००।०	
७.	होमस्टे दर्ता तथा नवीकरण शुल्कः गण्डकी प्रदेशको होमस्टे संचालन कार्यविधि २०७५ अनुसार दर्ता निवेदन शुल्क रु.१००।०, दर्ता शुल्क रु. १००००।० र वार्षिक नवीकरण शुल्क रु. २०००।०				

(घ) **उद्योगः**

सि नं	संस्थाको विबरण	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाँउसारी तथा नाम परिवर्तन	कैफियत
१	लघु उद्योग	रु. ५००।०	रु. ३००।०	रु. २००।०	
२	घरेलु उद्योग	रु. १०००।०	रु. ५००।०	रु. ३००।	
३	साना उद्योग	रु. १५००।०	रु. ८००।०	रु.५००।	
४	मझौला उद्योग	रु. २०००।०	रु.१०००।०	रु.६००।	
५	ठूला उद्योग	रु. ५०००।०	रु.३०००।	रु.१०००।	

(ङ) **निजी शिक्षण संस्था, होस्टल, कोचिङ सेन्टर, भाषा कक्षा र बैदेशिक अध्ययन तथा परामर्श सेवाः**

सि नं	संस्थाको विबरण	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाउँसारी तथा नाम परिवर्तन	कैफियत
१	मन्टेश्वरी	रु. २०००।०	रु. १०००।०	रु.५००।०	
२	प्राथामिक तह	रु. ४०००।०	रु. २०००।०	रु.५००।०	

३	आधारभूत तह	रु. ८०००।०	रु. ५०००।०	रु.५००।०	
४	माध्यमिक तह	रु.१००००।०	रु. ७०००।०	रु.५००।०	
५	माध्यमिक तह भन्दा माथि	रु.१५००००।	रु. १००००।०	रु.५००।०	
६	विद्यार्थी हास्टेल सेवा दर्ता तथा वार्षिक नवीकरण शुल्क	रु. ५०००।०	रु. ३०००।०	रु.५००।०	
७	ट्यूशन/कोचिङ सेण्टर दर्ता तथा वार्षिक नवीकरण शुल्क	रु. ५०००।०	रु. ३०००।०	रु.५००।०	
८	विदेशी भाषा कक्षा दर्ता तथा वार्षिक नवीकरण शुल्क	रु. ५०००।०	रु. ३०००।०	रु.५००।०	
९	वैदेशिक अध्ययन तथा रोजगारी परामर्श सेवा दर्ता वार्षिक नवीकरण शुल्क	रु. १००००।०	रु. ५०००।०	रु.५००।०	
१०	कम्प्यूटर ट्रेनिङ्ग सेन्टर,कोचिङ्ग तथा भाषा प्रशिक्षण केन्द्र	रु.१५००।-	रु. ५००।०	रु.५००।०	

(च) वित्तिय तथा संचार सेवा प्रदायक संस्थाः (प्रधान कार्यालय अन्य ठाउँमा भई नगरपालिका भित्र संचालनमा रहेका वा नगरपालिका भित्र प्रधान कार्यालय रहेका समेत)

सि नं	संस्थाको विबरण	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाउँसारी तथा नाम परिवर्तन	कैफियत
१.	बाणिज्य बैंक	रु. १२०००।	रु. १२०००।	रु.५००।०	
२.	विकाश बैंक	रु. १००००।	रु. १००००।	रु.५००।०	
३.	ग बर्गका फाईनान्स कम्पनि तथा घ बर्गका लघुवित्त समेत	रु. ५०००।	रु. ५०००।	रु.५००।०	

४.	विमा कम्पनि	रु.५०००।	रु.५०००।	रु.५००।०	
५.	रु.५००००।० लाख सम्म पुँजि भएका सहकारी संस्था	रु. ३०००।	रु. १०००।०	रु.५००।०	
६.	रु.५००००।० लाख भन्दा माथि र रु. १ करोड सम्म पुंजि भएका	रु. ३०००।	रु. २०००।०	रु.५००।०	
७.	रु.१ करोड भन्दा माथि पुजि भएका	रु. ५०००।	रु. ३०००।०	रु.५००।०	
८.	दुर संचार सेवा प्रदायक	रु.७०००।	रु.७०००।	रु.५००।०	
९.	१०० वाट सम्मका एफ.एम. संचालन	रु. २०००।	रु. १०००।०	रु.५००।०	
१०.	दैनिक पत्रिका	रु.२०००।	रु. १०००।०	रु.५००।०	
११.	साप्ताहिक लगायतका अन्य पत्रिका	रु.५००।	रु. ५००।०	रु.५००।०	
१२.	निजी कुरियर, ईमेल र इन्टरनेट सर्भिस	रु.१५००।	रु. १०००।०	रु.५००।०	
१३.	मोवाईल टावर	रु.३०००।	रु.३०००।	रु.५००।०	
१४.	बैदेशिक रोजगार ब्यवसाय	रु.१२०००।	रु.१२०००।	रु.५००।०	
१५.	मनि ट्रान्सफर संस्था	रु.५०००।	रु.५०००।	रु.५००।०	

(छ) स्वास्थ्य सेवा, सामुदायिक/ नीजी वन,विशेषज्ञ परामर्श सेवा तथा अन्य सेवा ब्यवसायः

<u>स्वास्थ्य सेवा</u>

सि नं	संस्थाको विबरण	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाउँसारी तथा नाम परिवर्तन	कैफियत
१.	निजी तथा गैह्र सरकारी अस्पताल	रु. ४०००।०	रु.२०००।-	रु.५००।	
२.	नर्सिङ होम	रु.	रु.१०००।-	रु.३००।	

		२०००।०			
३.	क्लिनिक	रु. १५००।०	रु.८००।-	रु.३००।	
४.	औषधी थोक विक्रेता	रु. ३०००।०	रु.१५००।-	रु.३००।	
५.	औषधी खुद्रा विक्रेता	रु. २०००।०	रु.१०००।-	रु.३००।	

विशेषज्ञ परामर्श सेवा तथा अन्य सेवा व्यवसायः

सि नं	संस्थाको विबरण	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाउँसारी तथा नाम परिवर्तन	कैफियत
१.	सामुदायिक वन	रु.५०००।-	रु.३०००।-	रु.५००।	
२.	कानुन ब्यबसाय (ल फर्म)	रु.३०००।-	रु.१०००।-	रु.३००।	
३.	लेखापढी ब्यवसाय	रु.१०००।-	रु.५००।-	रु.३००।	
४.	बिशेषज्ञ चिकित्सक सेवा	रु.२०००।-	रु.१०००।-	रु.३००।	
५.	स्वास्थ्य सहायक, कविराज	रु.१०००।-	रु.५००।-	रु.३००।	
६.	ईन्जिनियरिङ परामर्श सेवा, घर नक्सा बनाउने समेत	रु.५०००।-	रु.३०००।-	रु.५००।	
७.	जग्गा प्लटिङ्ग ब्यवसाय/कम्पनी	रु.१००००।	रु.५०००।-	रु.५००।	
८.	हाउजिङ्गसम्बन्धी कामकाज गर्ने कम्पनी	रु.२००००।	रु.१००००।	रु.५००।	
९.	डिजिटल केवल नेटवर्क	रु.५०००।-	रु.३०००।-	रु.३००।	
१०.	ज्योतिष सेवा	रु.१०००।-	रु.५००।-	रु.३००।	

लेखा परीक्षण फर्म

सि नं	संस्थाको विबरण	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाउँसारी तथा नाम परिवर्तन	कैफियत
१.	घ बर्ग	रु. १०००।०	रु.५००।-	रु.२००।	
२.	ग बर्ग	रु. १०००।०	रु.५००।-	रु.२००।	
३.	ख बर्ग	रु. २०००।०	रु.१०००।-	रु.३००।	
४.	क बर्ग	रु. ३०००।०	रु.१५००।-	रु.३००।	

<u>निर्माण ब्यवसाय</u>

सि नं	संस्थाको विबरण	दर्ता	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी, ठाउँसारी तथा नाम परिवर्तन	कैफियत
१.	घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर	रु. २००००।०	रु.५०००।-	रु.५००।	
२.	ग वर्ग नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यावसाय		रु.५०००।-	रु.५००।	
३.	ख वर्ग नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यावसाय		रु.५०००।-	रु.५००।	
४.	क वर्ग नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यावसाय		रु.५०००।-	रु.५००।	
५.	इजाजत प्रमाणपत्र प्रतिलिपि दस्तुरः रु १०००। म्याद नाघेको जरीवना दस्तुरः रु ३००० प्रति वर्ष				

अनुसूची - ५

(दफा ७ को उपदफा (१) संग सम्बन्धित)

<u>प्राकृतिक श्रोत साधन उपयोग कर</u>

सि नं	लागत पुंजी	करको दर (प्रति घन	कैफियत

		फिट)	
१.	माटो (स्वीकृत खानी क्षेत्र बाहेक)	३.५ रुपैंया	
२.	ढुङ्गा, चट्टान, चुनढुङ्गा, बालुवा, ग्रावेल, गिटी, खरीढुङ्गा, रोडा	९ रुपैंया	
३.	स्लेट(स्वीकृत खानी क्षेत्र बाहेक)	९ रुपैंया	
४.	नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदी दहत्तर बहत्तर विक्रि मूल्यको १०% कर लाग्नेछ।		

स्पष्टीकरणः यस अनुसुचीमा उल्लेखित करको दर गण्डकी प्रदेशको आर्थिक ऐनमा उल्लेखित करको दरसंग बाझिएमा गण्डकी प्रदेशको आर्थिक ऐनमा उल्लेखित करको दर अनुसार कर असुल गर्नुपर्नेछ।

अनुसूची - ६

(दफा ७ को उपदफा (३) संग सम्बन्धित)

अनुमति नलिई प्राकृतिक श्रोत उपयोग गरेमा लाग्ने जरीवाना

सि.नं.	विवरण	जरीवाना रकम रु.(प्रति ट्रिप प्रति पटक)			कैफियत
		टेक्टर	मिनि टिपर	ठूलो टिपर	
१	रोडा, गिटी, गेग्रान	रु. ५०००।-	रु. १००००।-	रु. १५०००।-	
२	ढुङ्गा, चट्टान, स्लेट	रु. ५०००।-	रु. १००००।-	रु. १५०००।-	
३	चिप्स	रु. ५०००।-	रु. १००००।-	रु. १५०००।-	
४	माटो	रु. १५००।-	रु.२५०००।-	रु. ५०००।-	
५	बालुवा	रु. ५०००।-	रु. १००००।-	रु. १५०००।-	
६	चुनढुङ्गा	रु. ५०००।-	रु. १००००।-	रु. १५०००।-	
७	नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदी	रु. १ प्रति के. जि.			

नोटः अनुमती नलिई प्राकृतिक श्रोत उपयोग गरेमा सो प्राकृतिक श्रोत जफत गरी जरीवाना लिइनेछ।

अनुसूची - ७

(दफा ८ संग सम्बन्धित)

जडीबुटी, जीवजन्तु र कवाडी करका दरहरु

क) नगरपालिका क्षेत्रभित्र उत्पादन भै अन्य क्षेत्रमा निकासि हुने काष्ठ तथा गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटी निकासी कर साथै वन उपभोक्ता समितिले आफ्नो समितिका सदस्य वाहेक अन्य व्यक्तिलाई काठ विक्री गर्दा लाग्ने निकासी करः

सि.नं.	विवरण	करको दर	कैफियत
१	जडीबुटी (प्रचलित वन नियमावलीमा तोकिएका)	मूल्यको १० प्रतिशत	व्यवसायिक खेती र स्थानीय उद्योगमा अर्ध प्रशोधन हुने जडीबुटीमा ५ प्रतिशत
२	बनकस,मलहन पत्ता,वावियो छवाली, पराल, वगास, निगालो, लोक्ता, पटेर, अम्लेसो	प्रति ट्रक रु. १००।— प्रति टेक्टर रु. ५०।-	
३	बाँस	प्रति गोटा रु. २।-	
४	साल,सीसौ, खयर,चाँप	प्रति घनफिट रु ५।-	गोलियाँ तथा चिरान
५	अन्य काठ	प्रति घनफिट रु ३।-	गोलियाँ तथा चिरान
६	भट्टामा प्रयोग हुने माटो	प्रति घन मिटररु. १।-	
७	सालको वियाँ	प्रति किलोग्रामरु. १।-	
८	अलैची	प्रति किलोग्रामरु. २।-	

ख) नगरपालिका क्षेत्रभित्रबाट अन्य क्षेत्रमा निकासी हुने जीवजन्तु तथा जीवजन्तुजन्य पदार्थ निकासी करः

सि.नं.	विवरण	करको दर	
१	प्रचलित कानुनले निषेध गरिएका जीवजन्तु	प्रति के.जि. रु.	

	बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा अन्य यस्तै बस्तुको ब्यवसायिक कारोबार वा निकासी कर	१०।-	
२	उन, प्राकृतिक तथा कृतिम जगर	प्रति के.जि. रु. ५।-	
३	राँगा तथा भैसी	प्रति गोटा रु. १००।-	
४	बोका, बाख्रा, खसी,भेडा, बंगुर	प्रति गोटा रु. ५०।-	

ग) नगरपालिका क्षेत्रभित्रबाट अन्य क्षेत्रमा निकासि कवाडी सामान निकासी करः

सि.नं.	विवरण	करको दर	
१	धातुका कवाडी सामानहरु		
क	फलाम तथा फलामबाट बनेका चिज बस्तु	प्रति के.जि. रु. ३।-	पुनः प्रयोगमा आउने बस्तु
ख	अन्य धातुः तामा, पित्तल, आल्मुनियम आदी	प्रति के.जि. रु. १०।-	
२	गैह्र धातुजन्य कवाडी सामानहरु		
क	खाली सिसी, बोरा र तेलको टिन	प्रति गोटा ५० पैसा	
ख	पुराना कागज	प्रति के.जि. ७५ पैसा	
ग	अन्य कवाडी सामान	प्रति के.जि. ५० पैसा	

अनुसूची - ८

(दफा ९ को उपदफा (१)संग सम्बन्धित)

<u>सवारी साधन कर</u>

सि.नं.	विवरण	बार्षिक करको दर	कैफियत
१	बस, ट्रक, लहरी	रु. १०००।-	यस अनुसूचीमा उल्लेखित करको दर गण्डकी
२	मिनि बस, टिपर	रु. ६००।-	

३	भाडाको (कार, जीप,भ्यान,पिकप)	रु. ५००।-	प्रदेशको आर्थिक ऐनमा उल्लेखित करको दरसंग बाझिएमा गण्डकी प्रदेशको आर्थिक ऐनमा उल्लेखित करको दर अनुसार कर असुल गर्नुपर्नेछ।
४	निजी (कार, जीप,भ्यान,पिकप)	रु. ६००।-	
५	ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा माथिको	रु. ५००।-	
६	ट्याक्टर सानो ४० हर्षपावर सम्मको	रु. ३००।-	
७	मोटरसाईकल, स्कुटर	रु. २००।-	
८	ठेला	रु. १००।-	
९	रिक्सा, ई-रिक्सा	रु. २००।-	
१०	सफा टेम्पो	रु. ३००।-	
११	पावर टेलर	रु. २००।-	
१२	रोलर	रु. २०००।-	
१३	लोडर, डोजर, एक्साभेटर	रु.५०००।-	

अनुसूची - ९
(दफा १० संग सम्बन्धित)
विज्ञापन कर

सि.नं.	विवरण	करको दर	
१	होर्डिङबोर्ड, फ्लेक्सबोर्ड (२५ बर्गफुट सम्म)	प्रति बर्गफुट रु. २०।-	
२	होर्डिङ बोर्ड, फ्लेक्स बोर्ड (२५ बर्गफुट भन्दा माथि)	प्रति बर्गफुट रु. ३५।-	
३	डिजिटल बोर्ड, ग्लोबोर्ड, विद्युतिय बोर्ड	प्रति बर्गफुट रु. ५०।-	
४	भित्ते लेखन, सटर पेन्टिङ	प्रति बर्गफुट रु. १५।-	
५	तुल, ब्यानर प्रति हप्ता	रु. १००।-	
६	स्टल, स्वागत द्वार	प्रति गोटा रु. ५००।-	

नोटः

- नेपाल सरकारद्वारा निषेध गरिएको विषयमा विज्ञापन राख्न पाईनेछैन।
- राजनैतिक, धार्मिक र सामाजिक उद्देश्यको ब्यानर ७ दिनसम्म निशुल्क राख्न दिईनेछ।
- जनचेतनामुलक विज्ञापनमा कर लाग्नेछैन।
- विज्ञापन राख्नको लागि नगरपालिकाबाट पुर्व स्वीकृति लिनुपर्नेछ।

अनुसूची - १०

(दफा ११ को उपदफा (१)संग सम्बन्धित)

मनोरन्जन कर

सि.नं.	विवरण	करको दर	
१	ब्यापार तथा ब्यवसायिक प्रयोजनका लागि संचालन गरिने मेला महोत्सव	सात दिनसम्म रु.५०००।- र सोभन्दा बढी भए रु.१००००।-	
२	ब्यापार तथा ब्यवसायिक प्रयोजनका लागि संचालन गरिने कन्सर्ट	एक दिनको लागि रु.१०००।- र सोभन्दा बढी भए रु. २०००।-	
३	चलचित्र घर	प्रवेश शुल्कमा ५ प्रतिशत	

स्पष्टीकरणः यस अनुसुचीमा उल्लेखित करको दर गण्डकी प्रदेशको आर्थिक ऐनमा उल्लेखित करको दरसंग बाझिएमा गण्डकी प्रदेशको आर्थिक ऐनमा उल्लेखित करको दर अनुसार कर असुल गर्नुपर्नेछ।

अनुसूची - ११

(दफा १२ संग सम्बन्धित)

बहाल बिटौरी तथा पटके ब्यवसायमा दैनिक रुपमा लिईने कर

सि.नं.	विवरण	करको दर	कैफियत
१	सडक पेटी बाहेक सार्वजनिक स्थल वा निजी जग्गामा बसी ठेलागाडा राखी वा अन्य कुनै किसिमले ब्यपार ब्यवसाय गर्ने संग	प्रतिदिन रु.१५।-	
२	गाडीमा सामान राखेर घर-घरमा घुमाएर गर्ने ब्यापार	प्रतिदिन रु.१००।-	
३	सरकारी जग्गामा बनेका पक्की घरहरुको प्रति बर्गफुट	वार्षिक रु.१०।-	
४	सरकारी जग्गामा बनेका कच्ची घरहरुको प्रति बर्गफुट	वार्षिक रु .५।-	

पटके कर व्यवसाय करः

सि.नं.	विवरण	दर रु. (प्रति दिन)	
१.	फेन्सी/खुद्रा र खाद्यान्य सामान गाडीमा द्धारा घुमाएर बेच्नेहरुका लागि	रु.२००।-	

२.	आलु, हरियो तरकारी र अन्य तरकारी गाडीमा द्धारा घुमाएर बेच्नेहरुका लागि	रु .१००।-	
३.	पोका झोलामा सामान राखी मोटरसाइकलमा बेच्ने	रु. ५०।-	
४.	पोका झोलामा सामान राखी साइकलमा वा आफैले बेच्ने	रु. २०।-	
५.	चनाचटपट पानीपुरी, वरफ, लगायत अन्य	रु. २०।-	
६.	स्थानीय उत्पादन र सामान बिक्रिमा	निशुल्क	

अनुसूची- १२

(दफा १३ संग सम्बन्धित)

पार्किङ शुल्कः

सि.नं.	**विवरण**	**दररु. प्रति घण्टा**	
१	बस ट्रक टिपर जस्ता ठुला सवारी साधन	रु.२०।-	
२	कार जिप भ्यान जस्ता साना सवारी साधन	रु. १०।-	
३	मोटर साईकल/ स्कुटर	रु .५।-	

अनुसूची- १३

(दफा १६ संग सम्बन्धित)

सेवा शुल्क र दस्तुर

सि नं	**विबरण**	**सेवा शुल्क, दस्तुर**		
		दस्तुर	**प्रतिलिपि दस्तुर**	
१.	नाता प्रमाणित (नेपालीमा)	रु. ४००।-		
२.	नाता प्रमाणित (अग्रेजीमा)	रु. ७००।-		
३.	राहदानी सिफारिस (जुनसुकै प्रकारको)	रु. ३००।-	-	

४.	बंशजको नया नागरिकता सिफारिस	रु. २००।-	रु. ५००।-	
५.	अंगिकृत नया नागरिकता सिफारिस	रु. ४००।-	रु. ५००।-	
६.	गैर आवसिय नेपाली नागरिकता सिफारिस	रु. ५०००।-	रु. ५०००।-	
७.	सनाखतको लागि सिफारिस	रु. २०००।-		
८.	जन्म, मृत्यु, वसाई सराई, विवाह, सम्वन्ध विच्छेद र अविवाहित सम्वन्धी सिफारिस	रु. ५००।-		
९.	स्थानीय वसोवास सम्वन्धी सिफारिस	रु. २००।-		
१०.	नाम, थर, जन्म मिति ठेगाना संसोधन सम्वन्धी सिफारिस	रु. ५००।-		
११.	जाति प्रमाणित	रु. ५००।-		
१२.	पारिवारिक विवरण सिफारिस	रु. २००।-		
१३.	अंग्रेजीमा सिफरिस (जुनसुकै)	रु. १०००।-	**थपको प्रतिपेज रु.५००**	
१४.	लालपूर्जा प्रतिलिपि सिफारिस / कित्ताकाट सिफारिस	रु. ५००।-		
१५.	साधारण सिफारिस	रु. १००।-		
१६.	चारित्रिक सिफारिस शुल्क	रु. ५००।-		
१७.	सुचिकृत दर्ता शुल्क	रु. १०००।-		
१८.	अमिन शुल्क प्रति पटक	रु. २०००।-		
१९.	बन्दुक नवीकरण	रु. १०००।-		
२०.	नगर प्रोफाईल संस्थागत	रु.		

		१०००।-		
२१.	नगर प्रोफाईल व्यक्तिगत	रु. ५००।-		
२२.	निवेदन फाराम प्रति पाना	रु. २०।-		
२३.	निबेदन नक्कल उतार प्रति पाना	रु. २०।-		
२४.	कपाली तमसुक प्रमाणीकरण	रु. २००।-		
२५.	बैनाबट्टा वा आर्थिक लेनदेन प्रमाणीकरण	रु. २००।-		
२६.	अभिलेख उतार	रु. २००।-		
२७.	पञ्जीकरण सम्बन्धी शुल्क	रु. २००।—	रु. ५००।-	संघीय ऐन, नियम अनुसार
२८.	पदपूर्तिको लागि दरखास्त शुल्क		लोक सेवा आयोगको नियमानुसार	
२९.	टेण्डर / कोटेशन फारम शुल्क		संघिय ऐन, नियम अनुसार	
३०.	फोहर मैला शुल्क व्यवस्थापन शुल्क	१५०।-	फोहर मैला व्यवस्थापनका लागि फोहर मैला उठ्ने प्रत्येक व्यवसायीबाट मासिक उठाउने	
३१.	फोहर मैला व्यवस्थापन व्यवसायिक वाहेकको शुल्क	१००।-	फोहर मैला व्यवस्थापनका लागि फोहर मैला उठ्ने प्रत्येक घरबाट मासिक उठाउने	
३२.	फोहर मैला व्यवस्थापन शुल्क (भाडामा बस्ने परिवारको हकमा)	५०।-	घर बहालमा लिइ बस्नेको हकम प्रति परिवार प्रत्येक महिना मासिक उठाउने	
चार किल्ला सिफारिस / घर, बाटोको सिफारिस				
		घर नभएको	**कच्ची घर भएको**	**पक्की घर भएको**
३३.	बाटो नभएको	रु. ४००।-	रु.७००।-	रु. ९००।-
३४.	कच्ची सडक भएको	रु. ६००।-	रु. ९००।-	रु.११००।
३५.	ग्राबेल सडक भएको	रु. ८००।-	रु. ११००।-	रु.१३००।
३६.	भित्री पिच बाटो भएको	रु.	रु. १३००।-	रु.१५००।

		१०००।-		
३७.	राजमार्ग भएको	रु. १२००।-	रु. १५००।-	रु.१७००।
३८.	बाटो प्रमाणित	रु ५००।		
	विद्युत, खानेपानी, टेलिफोन जडान / नामसारी सिफारिस शुल्क			
३९.	कच्ची घर	रु. ५००।-		
४०.	आर.सि.सि. पक्की घर ३ तलेसम्म	रु. १०००।-		
४१.	आर.सि.सि.पक्की घर ४ तले र सोभन्दा माथि	रु. २०००।-		
	आय प्रमाणित			
४२.	लागि २० लाख रुपैंयासम्म	रु. १०००।-		
४३.	२० लाख भन्दा माथि ५० लाख रुपैंयासम्म	रु. २५००।-		
४४.	५० लाख रुपैंया भन्दा माथि	रु. ५०००।-		
	आय प्रमाणित (अध्ययन प्रयोजन)			
४५.	२० लाख रुपैंयासम्म	रु. ५००।-		
४६.	२० लाख भन्दा माथि ५० लाख रुपैंयासम्म	रु. १०००।-		
४७.	५० लाख रुपैंया भन्दा माथि	रु. २०००।-		
	उद्योग सर्जमिन मुचुल्का			
४८.	सामान्य सर्जमिन मुचुल्का	रु. ५००।-		
४९.	घरेलु उद्योग	रु. ५००।-		

५०.	साना उद्योग	रु. १०००।-		
५१.	मझौला उद्योग	रु. १५००।-		
५२.	ठूला उद्योग	रु. २०००।-		
	पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस			
५३.	नेपाल भित्रको सेवाको हकमा	रु. ५००।-	प्रति सिफारिस थप रु. १००।	
५४.	नेपाल बाहिरको सेवाको हकमा	रु. १०००।-	प्रति सिफारिस थप रु. २००।	
	अन्य बैदेशिक सिफारिस			
५५.	भारतको लागि	रु. ५००।-	प्रति सिफारिस थप रु. २००।	
५६.	भारत बाहेक अन्य देशको लागि	रु. १०००।-	प्रति सिफारिस थप रु. ३००।	
५७.	श्रम स्वीकृति दस्तुर	रु. ५००।-		
५८.	हकवाला संरक्षण सम्बन्धी सिफारिस	रु. ५००।-		
	काठ दाउराको सिफारिस			
५९.	दाउरा कटानी सिफारिस	रु. ५००।-		
६०.	काठ कटानी सिफारिस	रु. १०००।-		
	प्लटिङ सेवा शुल्क			
६१.	पहिलो २ रोपनी सम्म	रु. २५०००।-		
६२.	३ देखि ५ रोपनी सम्म प्रति रोपनी थप	रु. १००००।-		
६३.	५ रोपनी भन्दा बढीमा प्रति रोपनी थप	रु.		

		५०००।-		
कृषि तथा पशुपंक्षी सेवा शुल्क, दस्तुर				
६४.	गाई भैसी फारम,पोल्ट्री फारम, ह्याचरी उद्योग - दर्ता तथा नवीकरण शुल्क	रु.१०००।-	रु. ५००।-	
६५.	घरपालुवा कुकुर दर्ता तथा नवीकरण प्रति गोटा	रु. ५००।-	रु. २००।-	
६६.	समूह गठन दर्ता तथा नवीकरण	रु. ५००।-	रु. ५००।-	
६७.	सिफारिस दस्तुर	रु. ५००।-	विमा/अनुदान प्रयोजनका लागि निशुल्क	
६८.	पशुपंक्षी उपचार सेवा दस्तुर प्रति गोटा	रु. १०।-		
६९.	गाई भैसी उपचार सेवा दस्तुर प्रति गोटा	रु. ५०।-		
७०.	कुकुर उपचार सेवा दस्तुर प्रति गोटा	रु. १००।-		
शिक्षा सम्बन्धी शुल्क, दस्तुर				
७१.	प्रति कक्षा स्तर बृद्धि शुल्क प्राथमिक	रु.३०००।-		
७२.	प्रति कक्षा स्तर बृद्धि शुल्क आधारभुत	रु.५०००।-		
७३.	प्रति कक्षा स्तर बृद्धि शुल्क माध्यामिक	रु.१०००० ।-		
७४.	कारार/राहत शिक्षक अभिलेखिकरण दर्ता दस्तुर (आधारभूत बिद्यालय)	रु.५००।-		
७५.	कारार / राहत शिक्षक अभिलेखिकरण दर्ता दस्तुर (माध्यामिक बिद्यालय)	रु.१०००।-		
७६.	कक्षा ८ को ग्रेड सिट प्रतिलिपि शुल्क	रु.२००।-		
७७.	छात्रबृत्ति सम्बन्धी सिफारिस (नेपाल भित्रको लागि)	रु. २००।-		अति विपन्नलाई निशुल्कः
७८.	छात्रबृत्ति सम्बन्धी सिफारिस (नेपाल बारहिरको लागि)	रु. १०००।-		

७९.	विषय विज्ञ सुचीकृत दस्तुर	माविः १००० आविः ५००		

न्यायिक समितिसम्बन्धी सेवा दस्तुर

सि नं	विबरण	सेवा शुल्क, दस्तुर		
		दस्तुर	प्रतिलिपि दस्तुर	
	न्यायिक समितिसम्बन्धी सेवा दस्तुर			
१.	न्यायिक समितिमा पेश हुने उजुरी र प्रतिउत्तर पत्र दस्तुर लैङ्गिङ हिंसा	रु. २००।-		
२.	न्यायिक समितिमा पेश हुने अन्य उजुरी र प्रतिउत्तर पत्र दस्तुर	रु. ५००।-		
३.	न्यायिक समितिमा पेश हुने व्यावसायिक उजुरी दर्ता दस्तुर	रु. ५००।-		
४.	न्यायिक समितिमा पेश हुने व्यावसायिक उजुरीको प्रतिउत्तर दस्तुर	रु. ५००।-		
५.	प्रतिलिपि पाउँ भन्ने र अन्य साधारण निवेदन दस्तुर	रु. १००।-		
६.	प्रतिलिपि दस्तुर	रु. १०।-		प्रतिपेज
७.	मिलापत्र दस्तुर	रु. ५००।-		

घर जग्गा नामसारी / हकवाला प्रमाणित

सि नं	विबरण	सेवा शुल्क, दस्तुर		
		दस्तुर	प्रतिलिप दस्तुर	
	घर			
१.	कालोपत्रे सडकले छोएको घर	रु. २०००।-		
२.	ग्रावेल सडकले छोएको घर	रु. १५००।-		

३.	कच्ची सडकले छोएको घर	रु. १०००।-		
४.	गोरेटोले छोएको घर/ नछोएको जग्गा	रु. ५००।-		
जग्गा				
५.	कालोपत्रे सडकले छोएको जग्गा	रु. १०००।-		एक रोपनी भन्दा बढी भए प्रति रोपनी थप रु २५।-
६.	ग्रावेल सडकले छोएको जग्गा	रु. ८००।-		
७.	कच्ची सडकले छोएको जग्गा	रु. ६००।-		
८.	गोरेटोले छोएको जग्गा / नछोएको जग्गा	रु. ५००।-		
घर कायम सिफारिस				
९.	पक्की घर कायम	रु. १०००।-		
१०.	कच्ची घर कायम	रु. ५००।-		
११.	अंशवण्डा सिफारिस	रु. ५००।-		
१२.	दान बकस सिफारिस	रु. १०००।-		
भवन निर्माण नक्शा पास निवेदन दस्तुर				
१३.	आर.सि.सि. फेम स्टक्चर निवेदन दस्तुर	रु. १०००।-		
१४.	घर कायम निवेदन दस्तुर	रु. ७००।-		
१५.	ग्रामिण घर तथा अस्थायी घर	रु. ५००।-		
१६.	घर निर्माण नक्साको नक्कल दस्तुर	रु. ५००।-		
१७.	भवन निर्माण साधारण स्वीकृति सम्बन्धी सिफारिस	रु. ५००।-		
भवन निर्माण नक्सा पास सम्बन्धी शुल्क				
भौतिक संरचनाको विवरण		**बाटोको प्रकार**		
१८.	आर.सि.सि. फ्रेम स्टक्चर	पिच बाटो	ग्रावेल बाटो	धुले बाटो

१९.	भुंई तला - प्रति वर्ग फिट	रु. ८।-	रु. ७।-	रु. ६।-
२०.	पहिलो तला - प्रति वर्ग फिट	रु. ९।-	रु. ८।-	रु. ७।-
२१.	दोश्रो तला - प्रति वर्ग फिट	रु. १०।-	रु. ९।-	रु. ८।-
२२.	दोश्रो तला भन्दा माथि दोश्रो तला अनुसारकै शुल्क लाग्ने			
२३.	सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गाको गाह्रो (न्यूनतम २३ से.मि मोटाई) र जस्ता पाताको छाना भएको - प्रति वर्ग फिट	रु. ३।-		
२४.	माटोको जोडाईमा ईटा वा ढुङ्गाको गाह्रो (न्यूनतम २३ से.मि मोटाई)आर.सि.सि. जस्ता पाताको छाना भएको,प्रतिवर्ग फिट	रु. २।-		
२५.	माटोको जोडाईमा ईटा वा ढुङ्गाको गाह्रो (न्यूनतम २३ से.मि मोटाई)- प्रतिवर्ग फिट	रु. २।-		
नगरपालिकामा नक्सा पासको व्यवस्था भएपछी नक्सा पास नगरी बनेका घरको घर नक्शा अभिलेखिकरण गर्दा माथि क, ख, ग र घ महलमा उल्लेखित शुल्कको अतिरिक्त थप २० प्रतिशत जरीवाना समेत लाग्नेछ।				
नगरपालिका स्थापना भई नक्सा पासको व्यवस्था हुनुभन्दा पहिले बनेका पुराना घरहरुको घर नक्शा अभिलेखिकरण शुल्क				
२६.	भुंई तला - प्रति वर्ग फिट	रु. ५।-		
२७.	पहिलो तला - प्रति वर्ग फिट	रु. ५।५०		
२८.	दोश्रो तला - प्रति वर्ग फिट	रु. ६।-		
२९.	घर सम्मन्न प्रमाणपत्रको लागि-प्रति बर्ग फिट	रु. १।५०	सबै तलाको प्लिन्थ एरिया जोडेर	

- नगरपालिका स्थापना भई नक्सा पासको व्यवस्था भैसकेपछी नक्सा पास नगरी बनेका घरको घर नक्सा अभिलेखीकरण गर्दा नयाँ नक्सा पास गरे सरह शुल्क लाग्नेछ।प्रमाण पत्र प्रतिलिपि दस्तुर र जरीवाना उल्लेख नभएका व्यवसय, फर्म वा कम्पनीलाई प्रमाण पत्र प्रतिलिपि दस्तुर रु ५००। र

बिलम्व शुल्क १ वर्षसम्मका लागि १० प्रतिशत र १ वर्ष भन्दा बढी वर्षको नवीकरण गर्नुपर्ने भएमा दफा ६ को उपदफा ३ अनुसार थप बिलम्ब शुल्क लाग्नेछ।

आज्ञाले,
चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मध्यनेपाल नगरपालिकाको विनियोजन ऐन, २०८१

नगर सभाबाट स्वीकृत मिति : २०८१/०३/१९

मध्यनेपाल नगरपालिका, लमजुङको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : मध्यनेपाल नगरपालिका, लमजुङ २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मध्यनेपाल नगरपालिका, लमजुङको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मध्यनेपाल नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८०/८१को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७७,७५,९०,५०१.० (अक्षेरुपी रुपैयाँ सतहत्तर करोड पचहत्तर लाख नव्वे हजार पाँच सय एक मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त मध्यनेपाल नगरपालिका, लमजुङको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

आज्ञाले,

चण्डिका पौडेल

प्रमुख प्रशासकीय अधिकृत

मध्यनेपाल नगरपालिकाको कर ऐन, २०८१

नगर सभाबाट स्वीकृत मिति : २०८१/०३/१९

<u>मध्यनेपाल नगरपालिकाको स्थानीय कर, दस्तुर, शुल्क सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

प्रस्तावना,

नगरको आर्थिक विकासका लागि राजश्व संकलन गर्ने बिषयलाई प्रभावकारी बनाउदै मध्यनेपाल नगरपालिकाले नगर क्षेत्रभित्र लगाउने कर संकलन, व्यवस्थापन र परिचालन गर्ने कर व्यवस्थापन प्रक्रियालाई स्पष्ट,पारदर्शी तथा व्यवस्थित गर्न संविधान तथा कानूनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी मध्यनेपाल नगरपालिकाको नगर सभाले यो ऐन जारी गरेको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम " मध्यनेपाल नगरपालिकाको कर ऐन, २०८१" रहेको छ।

(२) यो ऐन मिति २०८१ साल श्रावण १ गते देखि प्रारम्भ भई मध्यनेपाल नगरपालिका भर लागू हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले नगरपालिकाले सालबसाली बार्षिक स्वीकृत गर्ने आर्थिक ऐन सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले मध्यनेपाल नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले मध्यनेपाल नगरपालिकाको कर ऐन, २०८१ सम्झनु पर्छ ।

(घ) "कर" भन्नाले यस ऐन बमोजिम लगाइने करलाई सम्झनुपर्छ।

(ङ) "कर अधिकृत" भन्नाले नगरपालिकाले नियुक्त गरेको कर अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको कर शाखा प्रमुखलाई समेत जनाउने छ।

(च) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) "नगरपालिका" भन्नाले मध्यनेपाल नगरपालिका सम्झनुपर्दछ। र सो शब्दले नगर कार्यपालिकालाई समेत जनाउनेछ।

(ज) "नगर सभा" भन्नाले मध्यनेपाल नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(झ) "प्रमुख" भन्नाले मध्यनेपाल नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मध्यनेपाल नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ट) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति तथा व्यक्ति सरहको कार्य गर्न स्थापित कानूनी व्यक्ति समेतलाई सम्झनु पर्छ ।

(ठ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद-२

सम्पति कर

३. **सम्पति कर** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको घर वा भौतिक संरचना र जग्गामा लाग्ने करलाई सम्पति करको रुपमा असुल उपर गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले घर वा भौतिक संरचना नभएको जगामा सम्पति कर नलगाई मालपोत वा भुमि कर मात्र लगाउनु पर्नेछ।

(३) घर वा बहुतिक संरचना भएको जग्गामा सम्पत्ति कर लगाउँदा भौतिक संरचना क्षतिग्रस्त भएको वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाई कर लगाइनेछ।

(४) सम्पति कर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **विवरण संकलन** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पत्ति कर प्रयोजनका लागि प्रत्येक वडाका प्रत्येक व्यक्ति वा करदाताको सम्पत्तिको विवरण छुट्टाछुट्टै रुपमा तोकिए बमोजिमको फाराममा संकलन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण उपलव्ध गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम संकलित प्रत्येक व्यक्ति वा करदाताको विवरणको अभिलेख र लगत छुट्टाछुट्टै रूपमा सुरक्षित गर्नु पर्नेछ।

(४) सम्पतिको विवरण संकलन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **<u>सम्पतिको मूल्यांकन</u>** : (१) नगर कार्यपालिकाले सम्पत्ति कर प्रयोजनका लागि नगरपालिका क्षेत्रभित्रका जग्गा तथा संरचनाको मूल्याङ्कन प्रत्येक तीन तीन बर्षमा तय गरी नगर सभाबाट स्वीकृत गराउनु पर्नेछ।

तर यो ऐन जारी हुँदा पहिलो पटकको लागि नगर सभाले स्वीकृत गरेको मुल्यांकन बमोजिम नै हुनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिका क्षेत्रभित्रका जग्गा तथा संरचनाको मूल्याङ्कनका लागि नगर कार्यपालिकाले उपप्रमुखको संयोजकत्वमा दक्ष र विशेषज्ञ समेत रहने गरी तोकिए अनुसार मूल्याङ्कन समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले नगरपालिकाले क्षेत्रभित्रका जगाहरू प्रमुख व्यापारिक, व्यापारिक, प्रमुख आवासीय, आवासीय, कृषि, तथा अन्य आवश्यक क्षेत्रमा विभाजन गरी जग्गाको मुल्यांकन गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिले जग्गाको मूल्यांकन गर्दा भुमि कर प्रयोजनको लागि जग्गाको वर्गीकरण समेत गरी पेश गर्नु पर्नेछ।

(५) सम्पत्ति कर प्रयोजनका लागि जगाको मूल्य निर्धारण र वर्गीकरण गर्दा देहायका आधारमा गर्नु पर्नेछ;-

(क) सम्पत्ति कर लगाउन जग्गाको मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

(ख) सम्पत्ति कर लगाउन भौतिक संरचनाको मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

(ग) भौतिक संरचनाको मूल्याङ्कनका लागि संरचनाको वर्गीकरण तथा अन्य आधारहरू तोकिए बमोजिम हुने,

(घ) घर नभएको जगामा भुमि कर लगाउने प्रयोजनको लागि जग्गाको वर्गीकरण गर्दा जग्गा दर्ता श्रेस्तामा कायम गरिएको अब्बल, दोयम, सिम र चाहारका आधारमा गर्ने,

(ङ) भुमि कर प्रयोजनका लागि प्रमुख व्यापारिक, व्यापारिक, प्रमुख आवासीय, आवासीय, कृषि, तथा अन्य क्षेत्रको लागि करको डर समेत प्रस्ताव गर्ने,

(च) भौतिक पूर्वाधारको मुल्यांकन दर र सो मा हुने ह्रास कट्टीको प्रतिशत दर समेत प्रस्ताव गर्ने ।

(६) उपदफा (२) बमोजिम गठित समितिको कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(७) एकीकृत सम्पत्तिमा कर लगाउने प्रयोजनको लागि एकीकृत सम्पत्तिको मुल्यांकन गर्ने फारामको ढाँचा तोकिए बमोजिम हुनेछ।

(८) उपदफा (३) र (४) बमोजिम जग्गाको मूल्याङ्कन र वर्गीकरण सिफारिस भइसकेपछि नगर सभाले सम्पत्ति कर र भुमि कर प्रयोजनको लागि जग्गाको मूल्याङ्कन र वर्गीकरण असार महिनाभित्र निर्धारण गरि सक्नु पर्नेछ।

(९) सम्पत्तिको मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>करको दर</u>** : सम्पत्ति करको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

७. **<u>करको दर प्रकाशन</u>** : (१) दफा ५ को उपदफा (८) र दफा ६ बमोजिम निर्धारित मूल्याङ्कन र करको दर सर्वसाधारणको जानकारीका लागि तोकिए बमोजिमको ढाँचामा प्रत्येक बर्ष असार मसान्तभित्र प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सम्पत्तिको मूल्यांकन र करमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र पुनः मूल्याङ्कनका लागि नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर नगर कार्यपालिकाले एक महिनाभित्र पुनः मूल्याङ्कनको कारबाही गरी टुङ्गो लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

(५) करको दर प्रकाशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **<u>बिल पठाउन सक्ने</u>** : (१) सम्पति करका लागि कायम गरिएको कर योग्य सम्पतिको मूल्याङ्कन र सो बमोजिम लागेको सम्पत्ति कर भुक्तानीको लागि नगरपालिकाले सम्बन्धित करदाता समक्ष प्रत्येक बर्ष मंसिर महिनाभित्र बिल पठाउने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त बिल बमोजिम बुझाउनु पर्ने कर सम्बन्धित करदाताले सोही आर्थिक वर्षभित्र नगरपालिकामा बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नगरपालिकाले पठाएको बिल प्राप्त भएको मितिले ३० दिनभित्र कर दाखिला गर्ने करदातालाई नगरपालिकाले निजले बुझाउनु पर्ने कर रकममा दश प्रतिशत छूट दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको विल पठाउने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

९. **सम्पत्ति कर नलगाइने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको सम्पत्तिमा सम्पत्ति कर लाग्ने छैन;-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको भवन र जग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा,

(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा,

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा,

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लागेको सम्पत्तिमा भुमिकर (मालपोत) लगाइने छैन ।

(३) यस दफा बमोजिम सम्पत्ति कर नलाग्ने कुनै सम्पत्ति सम्पत्ति कर लाग्ने व्यक्तिको स्वामित्वमा गएमा वा त्यस्तो व्यक्तिले लिज वा बहालमा लिई कुनै संरचना बनाएमा त्यस्तो सम्पत्तिमा यस ऐन बमोजिम कर लाग्ने छ।

परिच्छेद-३

व्यवसाय कर

१०. **व्यवसाय कर** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाई असूल गर्न सक्नेछ।

११. **व्यावसायिक भिडियो कर** : नगरपालिकाले कुनै व्यक्ति वा संस्थाले व्यावसायिक प्रयोजनका लागि प्रयोगमा ल्याएको भिडियो, प्रोजेक्टर, केबुल आदिमा आर्थिक ऐनमा तोकिए बमोजिम कर लगाउन सक्नेछ।

१२. **ब्यवसाय करको दर** : यस ऐन बमोजिम नगरपालिकाले लगाउन सक्ने ब्यवसाय कर तथा व्यवासायिक भिडियो करको न्यूनतम तथा अधिकतम दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

परिच्छेद-४

घर जग्गा बहाल कर

१३. **<u>बहाल कर</u>**ः (१) नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर) कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरपालिकाले बहाल रकममा बहाल कर असुल गर्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएका अस्थायी पसलहरूमा बहाल बिटौरी कर लगाउन सक्नेछ।

तर सार्वजनिक आवागमन र सर-सफाइमा बाधा पुग्ने गरी वा स्थायी पसल निर्माण गर्न दिइने छैन ।

(३) बहाल करको लागि तथ्यांक व्यवस्थापन तथा कर लागु गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

१४. **<u>बहाल करको दर</u>** : नगरपालिकाले लगाउन सक्ने बहाल करको न्यूनतम र अधिकतम दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

परिच्छेद-५

<u>अन्य कर</u>

१५. **<u>जडीबुटी, कवाडी र जीवजन्तु कर</u>** : (१) नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छालावा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत नगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउन सक्ने जडीबुटी, कवाडी र जीवजन्तु करको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

१६. **<u>सवारी कर</u>** : (१) नगरपालिकाको क्षेत्रभित्रका सवारीमा सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा पटके सवारी कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउन सक्ने सवारी करको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

१७. **<u>विज्ञापन कर</u>** : (१) नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने विज्ञापन करको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

परिच्छेद- ६

सेवा शुल्क

१८.**पार्किंग शुल्क तथा दस्तुर** : (१) नगरपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ शुल्क लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने पार्किङ शुल्कको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

१९.**सेवा शुल्क तथा दस्तुर** : (१) नगरपालिकाले खानेपानी, बिजुली, धारा, सार्वजनिक टेलिफोन र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत आर्थिक ऐनमा तोकिए बमोजिम सेवा शुल्क लगाउन सक्नेछ।

(२) नगरपालिकाले नगर क्षेत्रमा फोहर मैला व्यवस्थापन, सरसफाइ, ढल निकास आदि सुविधा उपलब्ध गराए बापत आर्थिक ऐनमा तोकिए बमोजिम सेवा शुल्क लगाउन सक्नेछ।

(३) नगरपालिकाले बनाएका वा सञ्चालन गरेका संग्रहालय, शौचालय, पार्क, स्नानगृह, स्वीमिङपुल, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, होष्टेल, हाट बजार, पशु बधशाला, शव दाह व्यवस्था, धोवीघाट र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत सो उपभोग गर्ने व्यक्तिबाट आर्थिक ऐनमा तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) मा उल्लेख भएबमोजिमका सुविधाहरू उपलब्ध गराउने र सो बापत लाग्ने सेवा शुल्क उठाउने काम नगरपालिकाले निजी क्षेत्र मार्फत वा निजी क्षेत्रलाई समेत सहभागी गराई गर्न सक्नेछ।

(५) नगरपालिकाले निर्माण गरेको सडक, ढल, पुल, पेटी, चोक, गल्ली, नाली, बत्ती आदि मर्मत सुधार गर्न लाग्ने खर्च निर्धारण गरी सम्बन्धित उपभोक्ताहरूबाट वार्षिक रूपमा आर्थिक ऐनमा तोकिए बमोजिम सेवा शुल्क असुल गर्न सक्नेछ।

६) नगरपालिकाले कसैको अचल सम्पत्ति मूल्यांङ्कन गर्दा आर्थिक ऐनमा तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

(७) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आर्थिक ऐनमा तोकिएको दरमा बक्सौनी तथा सिफारिस दस्तुर लगाउन सक्नेछ।

२०.**अचल सम्पत्ति मूल्यांकन शुल्क** : (१) नगरपालिकाले अचल सम्पत्तिको मूल्याङ्कन गर्दा आर्थिक ऐनमा तोकिए बमोजिम सेवा शुल्क लगाउन सक्नेछ।

(२) अचल सम्पत्ति मूल्यांकन गर्न नगरपालिकाले आवश्यकतानुसार विशेषज्ञ समेत रहेको कम्तिमा तीन र बढीमा सात सदस्यीय कार्यटोली गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्य टोलीको कार्यविधि टोली आफैले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-७

विविध

२१.**कर, दस्तुर, शुल्क, महशुल आदि छुट** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, वैदेशिक कुटनैतिक नियोग वा एजेन्सी तथा लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थालाई नगरपालिकाकाले सेवा उपलब्ध गराएबापत लाग्ने सेवा शुल्क बाहेक अन्य कर दस्तुर, शुल्क महसूल लगाइने छैन ।

तर त्यस्तो छुट नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान वा संघ संस्थाको व्यापारिक कारोबारलाई प्राप्त हुने छैन ।

(२) विदेशी ऋृण वा सहायताबाट सञ्चालित परियोजनाको लागि नेपाल सरकार वा कुनै विकास समितिको अम्पत्तिमा नगरपालिकाले कुनै कर, दस्तुर, शुल्क, महसूल लगाउने छैन ।

२२.**कागजातको गोप्यता** : (१) यस ऐन बमोजिम संकलित सम्पत्ति कर लगायत अन्य कर प्रयोजनका लागि करदाताबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ।

तर कुनै सरकारी निकायबाट सो सम्बन्धी जानकारी माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले प्रयोजन खुलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कागजात तथा अभिलेख नगरपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाण लाग्ने छैन ।

२३.**सम्पत्ति मूल्यांकन सम्बन्धी बिशेष व्यवस्था** : (१) कुनै करदाताले बैदेशिक शिक्षा प्रयोजनका लागि नगरपालिकाबाट अचल सम्पति मुल्यांकन गर्नु पर्ने भई प्रचलित बजार भाउ अनुसारको मुल्यांकन गरी दिन निवेदन दिन सक्ने छ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा निवेदन माग बमोजिम नै मूल्यांकन गरी सम्पति कर प्रयोजनका लागि तोकिएको मुल्यांकन भन्दा बढी मुल्यांकनमा लाग्ने सम्पति करको रकममा नियमित तिर्नु पर्ने कर रकम घटाई बाँकी हुन आउने रकमको आधा रकम थप सेवा शुल्क वापत मुल्यांकन गर्दाका बखत लिई अचल सम्पति मुल्यांकन गरिदिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम मुल्यांकन गर्दा नगरपालिकाले तोकेको अचल सम्पति मुल्यांकन दस्तुर समेत लिइने छ।

२४.**<u>जरिवाना सम्बन्धी व्यवस्था</u>** : (१) यस ऐन र यस ऐन अन्तरगत बन्ने नियमावली बमोजिम कुनै कार्य अगरने दायित्व बहेको कर दाता वा कर्मचारीले आफ्नो दायित्व पुरा नगरेमा यसै ऐन बमोजिम जरिवाना हुनेछ।

(२) नगरपालिकाले सम्पत्ति विवरण दाखिला गर्न तोकेको म्यादभित्र विवरण दाखिला नगर्ने करदातालाई लाग्ने कर रकमको ५ प्रतिशतले हुने रकम थप जरिवाना लिई सम्पत्तिको विवरण बुझि लिनुपर्नेछ।

(३) करदाताले झुट्टा विवरण दाखिला गरी विवरण बुझाएमा निजको सम्पत्तिको पुनः मूल्यांकन गरी जरिबाना सहितको कर रकम असुल उपर गरिनेछ।

(४) उपदफा (३) बमोजिम लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने कर रकमको प्रति वर्ष ५० प्रतिशतले हुन आउने रकम बराबर थप जरिवाना हुनेछ।

(५) सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेमा झुट्टा विवरण दाखिला गरेको मानी उपनियम (३) बमोजिम पुनः कर निर्धारण गरी उपदफा (४) बमोजिम जरिबाना समेत असुल उपर गरिनेछ।

(६) कुनैसम्पत्ति धनीले झुट्टा विवरण दाखिला गरेको भनी नगरपालिकामा उजुरी प्राप्त भएमा सो उजुरीउपर ३५ दिनभित्र कर अधिकृतले जाँचबुझ गरी सक्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको उजुरी सही ठहरिएमा उजुरी दिने व्यक्ति, संगठन वा संस्थालाई जरिबानाको ५० प्रतिशत पुरस्कार दिई सो को अभिलेख गोप्य राखिनेछ।

२५.**<u>कर छूट तथा जरिबाना सम्बन्धी व्यवस्था</u>** : (१) नगरपालिका क्षेत्रभित्रका सम्पत्ति धनीले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ।

(२) प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्ने सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा आर्थिक ऐनमा तोकिए बमोजिम छूट दिइनेछ।

(३) उपदफा (१) बमोजिमको अवधिमा नगरपालिकालेलाई बुझाउनु पर्ने कर नबुझाई बक्यौता कर भुक्तानी गर्दा देहाय अनुसार जरिबाना लाग्नेछ;-

(क) एक वर्षको बक्यौतामा कर रकमको पाँच प्रतिशतले हुन आउने रकम ।

(ख) एक वर्षभन्दा बढीको बक्यौतामा प्रतिवर्ष कर रकमको बिस प्रतिशतले हुन आउने रकम ।

(४) पाँच वर्षसम्म सम्पत्ति कर वा भुमि कर भुक्तानी नगर्ने करदाताका नाममा रहेको घरजग्गा नगरपालिकाले रोक्का राख्न सक्नेछ।

(५) घरजग्गा रोक्का राखेको दस वर्षसम्म पनि करदाताले कर चुक्ता नगरेमा सम्बन्धित करदाताको सम्पत्ति प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी कर तथा जरिबाना असुलउपर गर्न सकिनेछ।

(६) नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर बक्यौता राख्ने करदातालाई नगरपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा र सुविधा रोक्का राख्न सक्नेछ।

(७) यस ऐन बमोजिम निर्धारण भएको कर तथा जरिबाना नगरपालिकाको कुनै पनि निर्णयबाट छूट वा मिनाहा दिन पाइने छैन ।

(८) उपदफा (८) विपरीत नगरपालिकाको कुनै समिति, पदाधिकारी वा कर्मचारीले मिनाहा दिएको खण्डमा मिनाहा दिएको रकम मिन्हा दिने पदाधिकारीबाट असुल उपर गरिनेछ।

तर, कुनै करदाताको सम्पत्ति भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा क्षति बराबरको सम्पत्तिमा लाग्ने कर नगर कार्यपालिकाले मापदण्ड बनाई मिन्हा दिन सक्नेछ। यसरी मिन्हा दिएको विबरण सात दिनभित्र सार्वजनिक गर्नु पर्नेछ।

(८) सम्पत्ति कर चुक्ता भइसकेको कुनै सम्पत्तिमा सोही आर्थिक वर्षमा पुनः कर लाग्ने छैन ।

(९) सम्पत्ति कर लागू हुनुपूर्व उक्त सम्पत्तिमा लाग्ने भुमिकर, मालपोत तथा घरजग्गा कर बुझाउने दायित्व सम्बन्धित करदाताको हुनेछ।

(१०) सम्पत्ति कर लागू हुनुभन्दा अघिका आर्थिक वर्षको स्थानीय तहले निर्धारण गरेको भुमिकर, मालपोत घरजग्गा कर चुक्ता नभएसम्म नगरपालिकाले सम्पत्ति कर बुझिलिने छैन ।

(११) कृषि योग्य जमिनहरुलाई कृषिमा प्रयोग नल्याई बाँझो राखेमा त्यस्ता करदातालाई आर्थिक ऐन अनुसार थप शुल्क लिन सक्नेछ।

(१२) यस ऐन वा यस ऐन बमोजिम बनेको नियमावलीमा तोकेको समयावधिभित्र सम्पत्तिको विवरण नबुझे वा ढिलो गरी बुझाएमा आर्थिक ऐनामा तोकिए बमोजिमको थप शुल्क लिई नगरपालिकाले विवरण बुझिलिन सक्नेछ।

२६.**ऐन, नियम विपरित कर, दस्तुर, शुल्क वा महसूल लिन नपाउनेः** नगरपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू विपरित कुनै पनि प्रकारको कर, दस्तुर, शुल्क वा महसूल उठाउन पाउनेछैन ।

२७. **कार्यपालिकाले अधिकार प्रयोग गर्ने** : यस ऐनमा सभाले गर्ने भनि स्पष्ट व्यवस्था भएकोमा बाहेक नगरपालिकाबाट सम्पादन हुने काम कारबाही कार्यपालिकाले गर्नेछ।

२८.**नियम, कार्यविधि बनाउने सक्ने** : यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम र कार्यविधि बनाउन सक्नेछ।

२९.**यस ऐन बमोजिम हुने** : प्रचलित कानुनमा स्थानीय कर सम्बन्धमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ।

३०.**बचाउ** : यस अघि नगरपालिकाबाट कर, दस्तुर, शुल्क संकलन सम्बन्धमा भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,

चण्डिका पौडेल

प्रमुख प्रशासकीय अधिकृत

मध्यनेपाल नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण एवं ब्यवस्थापन ऐन, २०८१

(नगर सभावाट स्वीकृत मिति २०८१/०३/१९)

(नगर प्रमुखवाट प्रमाणीकरण मिति २०८१/०३/२५)

प्रस्तावनाः

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मध्यनेपालवासीको मौलिक अधिकारको संरक्षण गर्न वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्न, प्रकृति वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि नेपालको संविधानको धारा ५७ (४), २१४ (२) , २२६ को (१), स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (६), १०२ वातावरण संरक्षण ऐन २०७६ को दफा ३ (२) (ग) मा उल्लेखित अधिकारको प्रयोग गरी मध्यनेपाल नगरपालिकाको पन्ध्रौं नगरसभाबाट यो ऐन स्वीकृत गरी लागू गरिएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "मध्यनेपाल नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण एवं ब्यवस्थापन ऐन, २०८१" रहनेछ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भएका मितिदेखि लागू भएको मानिनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "वातावरण" भन्नाले प्राकृतिक सामाजिक सास्कृतिक प्रणाली आर्थिक तथा मानविय क्रियाकलाप र यिनका अवयवहरुबीचको अन्तक्रिया तथा अन्तर-सम्बन्ध सम्झनुपर्छ।

(ख) "प्रस्ताब" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्दछ।

(ग) "प्रस्ताबक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त ब्यक्ति वा सरकारी अर्थसरकारी वा गैर-सरकारी निकाय सम्झनुपर्छ।

(घ) "फोहोर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धुवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य बस्तु सम्झनुपर्छ।

(ङ) "वातावरण अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनुपर्छ।

(च) "जैविक विविधता" भन्नाले पारिस्थितिकिय प्रणाली (इकोसिष्टम) को विविधता प्रजातिय विविधता (स्पेसिज डाइवरसिटी) तथा बंशाणु विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्दछ।

(छ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा एकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायको सम्बन्धमा विश्लेषणात्मकरुपमा गरिने अध्ययन तथा मुल्यांकन सम्झनुपर्छ।

(ज) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यन्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकुल प्रभाव निराकरण वा न्युनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्तरुपमा गरिने अध्ययन सम्झनुपर्छ।

(झ) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ञ) "नगरसभा" भन्नाले मध्यनेपाल नगरपालिकाको नगरसभा सम्झनुपर्छ।

(ट) "नगर कार्यपालिका" भन्नाले मध्यनेपाल नगरपालिकाको कार्यपालिका भन्ने सम्झनुपर्छ।

(ठ) "नगरपालिका" भन्नाले मध्यनेपाल नगरपालिका सम्झनुपर्छ।

(ड) "प्रमुख" भन्नाले मध्यनेपाल नगरपालिकाका प्रमुख सम्झनुपर्छ

(ढ) "उपप्रमुख" भन्नाले मध्यनेपाल नगरपालिकाका उपप्रमुख सम्झनुपर्छ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मध्यनेपाल नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

परिच्छेद-२

वातावरणीय अध्ययन

३. वातावरणीय अध्ययन गर्नुपर्नेः मध्यनेपाल नगरपालिकाको अधिकार क्षेत्रिभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य प्राकृतिक श्रोत साधनको उपयोग वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ऐनको दफा १४ ले तोके बमोजिमको समितिमा पेश गर्ने गरी नगरपालिकाले प्रस्ताव माग गर्न सक्नेछ।

४. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेः (१) प्रस्तावकले तोकिए बमोजिमको प्रस्ताबको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि नगरपालिकाले तोके बमोजिमको प्रक्रिया पुरा गरी नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुँदाका वखत स्वीकृतिको लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी ब्यवस्था अनुसार स्वीकृति गर्न बाधा पर्ने छैन।

(४) यस दफामा वा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्राचीन स्मारक सम्बन्धी कानून बमोजिम प्राचीन स्मारक मानीने सम्पदाको सोहीरुपमा पुनःनिर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन आवस्यक पर्ने छैन।

५. विकल्पको विस्तृत विश्लेषण गर्नुपर्नेः (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यन्वयन गर्दा वातावरणमा पर्नसक्ने प्रतिकुल प्रभाव र त्यसको न्युनीकरणको लागि उपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पहरु मध्ये प्रस्ताव कार्यन्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यन्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्नसक्ने प्रारम्भिक मध्यकालीन एवं दीर्घकालीन प्रतिकुल प्रभाव र त्यसको न्यूनिकरणको लागि अवलम्बन गर्नपर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नुपर्नेछ।

६. प्रारम्भिक वातावरणीय अध्ययन गर्नुपर्नेः (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व नगरपालिकाबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची स्वीकृती गरी देहाय बमोजिमका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्नुपर्नेछः

(क) वन क्षेत्र

(ख) उद्योग क्षेत्र

(ग) खानी क्षेत्र

(घ) सडक क्षेत्र

(ङ) आवास भवन तथा वस्ती विकास र शहरी विकास क्षेत्र

(च) जलश्रोत र उर्जा क्षेत्र

(छ) पर्यटन क्षेत्र

(ज) खानेपानी क्षेत्र

(झ) फोहोर-मैला ब्यवस्थापन क्षेत्र

(ञ) कृषि क्षेत्र

(ट) स्वास्थ्य क्षेत्र

७. मापदण्ड एवं गुणस्तर कायम गर्नुपर्नेः (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नगरपालिकाले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुनेगरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

८. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेः (१) दफा (४) बमोजिम कुनै प्रस्ताव कार्यन्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा नगरपालिकाले सो उपर आवश्यक जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनका लागि नगरपालिकाले आफ्नो प्रतिनिधि प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा आवश्यकता अनुसार विषय विज्ञ समेत रहेको एक समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा नगरपालिकाले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण गर्न गराउन आदेश दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सो को प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यन्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पर्ने नदेखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने सर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकति सम्बन्धी अन्य ब्यवस्था नियमावलीमा भए बमोजिम हुनेछ।

९. प्रस्ताव कार्यान्वयन गर्न नहुनेः (१) कसैले यो ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन।

१०. वातावरणीय ब्यवस्थापन योजनाः (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अघि तोकिए बमोजिम वातावरणीय ब्यवस्थापन योजना तयार गर्नुपर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय ब्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु मध्ये कुन-कुन उपायहरु आयोजना निर्माणका क्रममा र कुन कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नुपर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय ब्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकुल प्रभाव न्युनीकरणका उपायहरु प्रभावकारी नभएको देखिएमा नगरपालिकाले अन्य प्रभावकारी उपायहरु अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ। यसरी नगरपालिकाले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले ब्यहोर्नुपर्नेछ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय ब्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना बनाई सो बमोजिम कार्यान्वयन गर्नुपर्नेछ र सोको प्रगती विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ-छ महिनामा नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

(५) प्रस्तावकले उपदफा (१) बमोजिम ब्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकुल प्रभाव न्युनीकरणका उपायहरु अवलम्बन गर्दा प्रस्ताव कार्यान्वयन हुँदा प्रभावित हुने स्थानीय समुदाय मार्फत कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ।

११.सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्नेः (१) नगरपालिकाले यस ऐन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा बस्तु उत्पादन वा वितरण सुरु भएको दुइ बर्ष भुक्तान भएका मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावलाई कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकुल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाइएका उपायहरु तथा त्यस्ता उपायहरुको प्रभावकारीता र न्युनीकरण हुन नसकेको वा आँकलन नै नभएका प्रतिकुल प्रभाव उत्पन्न भएकोमा सो समेत विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अध्यवधिक गराईराख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा नगरपालिकाले आवस्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकुल प्रभावलाई न्यनीकरण गर्न अपनाइएका उपाय प्रर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकुल प्रभाव निराकरण वा न्युनीकरण गर्ने प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तब्य हुनेछ।

१२. रोक लगाउन सक्नेः (१) कसैले यो ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुनेगरी आयोजना कार्यान्वयन गरेमा नगरपालिकाले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोग लगाइएको कारणले प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो वापत क्षतिपूर्तिको दावा गर्न पाउने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिम लगाइएको रोक नगरपालिकाले फुकुवा गर्न सक्नेछ।

१३. नगरपालिकाले वातावरणीय अध्ययन गर्न सक्नेः (१) नगरपालिका आँफैले कुनै क्षेत्र वा स्थानको नक्शाङकन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरण तथा उपदफा (२) बमोजिमको विवरणको नगरपालिकाले अभिलेख राख्नुपर्नेछ।

परिच्छेद-३

समितिको ब्यवस्था

१४. समिति गठन गर्न सक्नेः (१) प्रारम्भिक वातावरणीय परीक्षण एवं ब्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारीरुपमा सञ्चालन गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी पाँच सदस्यीय एक समिति गठन गरिनेछ

(क) नगरपालिकाको प्रमुख - संयोजक

(ख) नगरपालिकाको उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिका अन्तर्गतको वन वातावरण तथा विपद ब्यवस्थापन समितिको संयोजक - सदस्य

(ङ) नगरपालिकाको वातावरण शाखा प्रमुख - सदस्य सचिव

१५. समितिको बैठकः (१) समितिको बैठक बर्षमा कम्तिमा दुइपटक र आवश्यकता अनुसार अन्य समयमा पनि बस्न सक्नेछ।

(२) समितिको सदस्य सचिवले संयोजकसँग परामर्श गरी समितिको बैठक बस्ने मिति समय र स्थान तथा बैठकमा छलफल गर्नुपर्ने प्रस्तावहरु सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तिमा अड्चालिस घण्टा अगाडि सबै सदस्यहरुले प्राप्त गर्ने गरी पठाउनुपर्नेछ।

(३) कुल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिन सक्नेछ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

१६. समितिको काम कर्तब्य र अधिकारः (१) समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दीर्घकालीन नीति योजना तथा कार्यक्रममा वातावरण सम्बन्धी विषयलाई एकिकृतरुपमा समावेश गर्दै कार्यान्वयन गर्न नगरपालिका तथा अन्य सरोकारवाला निकायहरुलाई आवश्यकता अनुसार निर्देशन दिने।

(ख) वातावरण सम्बन्धी संघीय तथा प्रदेश सरकारको नीति एवं मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको विकासको नीति तर्जुमा गर्ने।

(ग) प्रारम्भिक वातावरणीय परीक्षण तथा ब्यवस्थापन सम्बन्धी कार्यको अध्ययन एवं मुल्यांकन गर्ने।

परिच्छेद-४

विविध

१७.जरिवानाः (१) यो ऐन लागू भएपछि कुनै पनि ब्यक्ति वा संस्थाले देहायका कार्य गरेमा वा गराएमा नगरपालिकाले देहाय बमोजिम जरिवाना गर्नेछ-

क संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनुपर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुनेगरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दुई लाख पचास हजार रुपैयासम्म।

ख प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुनेगरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँचलाख रुपैयासम्म।

(२) कसैले उपदफा (१) बमोजिम कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ। यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित ब्यक्ति वा संस्थाको कर्तब्य हुनेछ। यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा नगरपालिकाले उपदफा १ बमोजिम गरिएको जरिवानाको तेब्बर जरीवाना गर्नेछ।

(३) उपदफा (१) मा उल्लेखित बिषयहरु बाहेक कसैले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई एकलाख पचासहजार सम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन र यस ऐन बमोजिम बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमका कार्य गर्न आदेश दिन सक्नेछ।यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ (४) उपदफा (२) वा (३) बमोजिम दिइएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो ब्यक्ति वा संस्थालाई कालोसूचीमा राखी सोको जानकारी सम्बन्धित निकायमा पनि पठाउने ब्यवस्था मिलाइनेछ।

(५) उपदफा (४) बमोजिम कुनै निकायलाई कालोसूचीमा राखिएकोमा त्यस्तो ब्यक्ति वा संस्थाले कालो सूचीमा राखीएको अवधीभर आफ्नो नाममा वा त्यस्तो ब्यक्ति वा संस्थासँग सम्बन्धित जुनसुकैको नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन।

(६) यस दफा बमोजिमको जरिवाना गर्नु अघि जरिवाना गर्न लागिएको ब्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।

१८. पुनरावेदनः (१) दफा (१७) बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले नगरपालिकाबाट भएको जरिवाना उपर जिल्ला अदालतमा ३५ दिनभित्र पुनरावेदन गर्न सकिनेछ।

१९. अनुगमन तथा निरीक्षण गर्नेः (१) यो ऐन वा यस ऐन अन्तर्गतका बनेका नियम निर्देशिका कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा दफा (१४) बमोजिमको समितिले अनुगमन तथा निरीक्षण गर्नेछ।

२०. बार्षिक प्रतिवेदन तयार गर्नुपर्नेः (१) नगरपालिकाले प्रत्येक बर्ष देहायका विषयहरु समावेश गरी बार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ-

(क) दफा (१९) बमोजिम गरिएको अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण

(ख) प्रारम्भिक वातावरणीय निरीक्षण सम्बन्धी क्रियाकलाप विवरण

(ग) अन्य आवश्यक विवरण

(२) उपदफा (१) बमोजिम वार्षिक प्रतिवेदन नगरपालिकाले प्रत्येक आर्थिक बर्ष समाप्त भएका मितिले दुइ महिना भित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

२१. प्रचलित कानुन बमोजिम हुनेः यस ऐनमा उल्लेख भएका ब्यवस्थाहरुको हकमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ

२२. नियम बनाउन सक्नेः यो ऐन वा यो ऐन अन्तर्गत रही नगरपालिकाले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ।

२३. खारेजी र बचाउः (१) यस ऐनमा उल्लेखित विषय यसै बमोजिम हुनेछ। ऐन कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्चन सिर्जना भएमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(२) यो ऐनमा ब्यवस्था भएका प्रावधानहरु प्रचलित नेपाल कानुनसँग बाझिएको हदसम्म यस ऐनका प्रावधानहरु निस्कृय हुनेछन्।

आज्ञाले,

चण्डिका पौडेल

प्रमुख प्रशासकीय अधिकृत